# परिच्छेद एक : परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

मानव विकास गर्भबाट सुरु भएर मृत्युपर्यन्त चलिरहन्छ । मनोवैज्ञानिकहरूले मानव विकासलाई जन्मपूर्वको र जन्मपश्चात्को अवस्था भनेर वर्गीकरण गरेको पाइन्छ भने जन्मपछिको विकासात्मक अवस्थालाई नवजात, शिशु अवस्था, शैशवअवस्था, प्रारम्भिक बाल्यावस्था, उत्तरबाल्यावस्था, यौवनावस्था, किशोरावस्था र वृद्धावस्था गरी विभिन्न चरणमा वर्गीकरण गरिएको पाइन्छ । मनोवैज्ञानिकहरूले २ वर्षदेखि ५ वर्षसम्मको अवधिलाई प्रारम्भिक बाल्यावस्था नामकरण गरेका छन् । यस उमेरका बालबालिकाहरू विशेष गरेर खेलौनासँग रमाउने जिज्ञासु र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । यस अवस्थाको अन्त्यतिर साथी समूह बनाउने र विद्यालय जाने हुनाले यस अवस्थालाई पूर्वबालसमूह उमेर र पूर्वविद्यालय उमेर पनि भनिन्छ । मानिसले ५०% बौद्धिक विकास जन्मदेखि ५ वर्षको उमेरसम्ममा भइसक्ने कुरा अनुसन्धानले देखाएको छ । तसर्थ यो अवधि अति महत्वपूर्ण मानिन्छ । यस अवस्थामा भएको विकासले पछिको विकासमा असर पुऱ्याउने हुनाले उनीहरूलाई सकारात्मक विकासतिर डोहोऱ्याउनु अभिभावकहरू, शिक्षकहरू र स्याहारसुसार गर्ने व्यक्तिहरूको कर्तव्य हुन आउँछ (कार्की, २०६२) ।

प्रारम्भमा विभिन्न प्रकारबाट शिक्षा ग्रहण गर्ने र दिने चलन थियो । जस्तो बाबुबाट छोरालाई, आमाबाट छोरीलाई सजिलोसँग जिउनका लागि दिइने अर्ति, उपदेश नै शिक्षा थियो । समाजको विकाससँगसँगै शिक्षाको रूप पनि परिवर्तन हुँदै गयो । शिक्षा लिनका लागि कुनै एक ठाउँमा जम्मा भएर कुनै समाजको एक प्रतिष्ठित व्यक्तिले प्रवचन दिनु नै शिक्षा हुन थाल्यो । यही क्रममा लिपीको विकासपश्चात् मौखिक रूपमा रहेको शिक्षा ढलौट, लेखौट, शीलापत्र आदिमा पनि लेखेर पनि शिक्षाको विकास हुन थाल्यो । त्यसपछि धार्मिक स्थलहरूमा जाने र शिक्षा लिने क्रम चल्यो । त्यतिबेला पाठ्यक्रम भन्नु नै धार्मिक ग्रन्थहरू थिए । शिक्षण सिकाइ क्रियाकलाप भन्नु नै आफ्नै दर्शनअनुसार बिहान उठ्नु, नुहाउनु, जप गर्नु, मन्त्र उच्चारण गर्नु थियो भने मूल्याङ्कन गर्ने तरिका मन्त्रहरू कण्ठ गर्न सकेको, नसकेकोबाट गरिन्थ्यो । शिक्षण विधि शिक्षककेन्द्रित र व्याख्यान थियो । विद्यालय भन्नु नै मन्दिर, मस्जिद, मठ, चर्च, गुम्बा थिए । नेपालको सन्दर्भमा भने पहिला शिक्षा कृषिसम्बन्धी ज्ञान पशुपालन, सिकार खेल्नु, हस्तकला, चित्रकला, वास्तुकलासम्बन्धी ज्ञान दिनु थियो । मल्ल कालमा विभिन्न नीति नियम बनाउनु, नैतिक शिक्षा राजकाज चलाउनु जस्ता विषयको शिक्षा दिने प्रचलन थियो (कट्टेल, २०६४)

शाह कालमा शिक्षा राजपरिवारमा गुरुहरू राखी संस्कृत शिक्षा दिइन्थ्यो । सैनिकका टुहुरा छोराछोरीहरूलाई छात्रवृत्ति दिई विदेश पठाइन्थ्यो भने सैनिकहरूलाई सैनिक शिक्षा दिइन्थ्यो । भीमसेन थापाले फ्रेन्चबाट अफिसर झिकाइ सुरक्षासम्बन्धी शिक्षा दिएको पाइन्छ । यसरी विभिन्न समयमा अनौपचारिक रूपबाट शिक्षा दिए तापनि १९१० मा जङ्गबहादुर राणा बेलायतबाट फर्केपछि थापाथली दरबारको दाखचोकको भुइँ तलामा अङ्ग्रेजी स्कुलको स्थापना गरेपछि नेपालमा औपचारिक शिक्षाको सुरुवात भएको मानिन्छ । ३ देखि ५ वर्षसम्मका बालकालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप पूर्वप्राथमिक शिक्षा हो । आजभोलि यसलाई बालविकास कार्यक्रम जस्ता नामले पनि चिनिन्छ । प्रारम्भिक बाल्यावस्था अन्तर्गत घर वा समुदायमा बालबालिकाहरूको स्याहार, सामाजिकीकरण र शिक्षालाई उन्नत गर्ने सेवाहरू समावेश भएका हुन्छन्, जसले बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँछ । शिक्षाविद्हरूको भनाइ अनुसार शिक्षाको मूल उद्देश्य बालबालिकामा अन्तर्निहित क्षमता वा जन्मजात प्रतिभालाई प्रस्फुटन गर्नु हो । यसका साथै उनीहरूलाई प्रदान गरिने शिक्षा

उनीहरूको रुचि, आवश्यकता, क्षमता र उमेर अनुसारको हुनुपर्दछ । पूर्वप्राथमिक शिक्षा बालकहरूको विकास र सिकाइको पहिलो महत्वपूर्ण कार्यक्रम हो । प्रारम्भिक बाल्यावस्थामा बालबालिकाहरूका लागि उपलब्ध गराइने शिक्षा नै पूर्वप्राथमिक शिक्षा हो । बालबालिकाहरू औपचारिक शिक्षामा प्रवेश गर्नुअगावै ३ देखि ५ वर्षको उमेरभित्र प्राप्त गर्ने शिक्षालाई नै पूर्वप्राथमिक शिक्षा भनिन्छ । Aggrawal (1995) र Spdodek Saracho (1995) ले पूर्वप्राथमिक शिक्षालाई यसरी परिभाषित गर्नुभएको छ, "बालकलाई जन्मदेखि ५ वर्षको उमेरभित्रमा दिइने शिक्षा पूर्वप्राथमिक शिक्षा हो ।" सामान्यतया ३ देखि ५ वर्ष उमेरसम्मका बालबालिकाहरूलाई दिइने शैक्षिक कार्यक्रम पूर्वप्राथमिक शिक्षा भनिन्छ (मल्ल र साथीहरू, २०५४) ।

नेपालमा पूर्वप्राथमिक शिक्षा सम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरबाट वि.सं. २००७ मा काठमाडौंमा मन्टेस्वरी विद्यालयको स्थापनाबाट भएको पाइन्छ । यसका लागि चाहिने आवश्यक शिक्षकहरूले सुरुमा भारतबाट तालिम प्राप्त गरेका थिए भने वि.सं. २०१९ सालतिर केही शिक्षकलाई इजरायलसमेत पठाइएको थियो । वि.सं. २०२० सालमा उक्त मन्टेस्वरी विद्यालय तत्कालीन Demostration School (Laboratory School) मा गाभिएपछि विद्यालय उमेर नपुगेका ससाना केटाकेटीहरूका लागि वि.सं. २०२१ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको थियो । यसै सन्दर्भमा वि.सं. २०२२ सालदेखि बालमन्दिरको स्थापना भई शिशु शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुन थालेका थिए । वि.सं. २०२५ सालदेखि शिक्षा मन्त्रालय अन्तर्गत शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको हो । यो पाठ्यक्रमलाई वि.सं. २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा सुव्यवस्थित गर्ने प्रयास गरियो । विविध प्रयासका बाबजुद पनि पूर्वप्राथमिक शिक्षाको विकासका सम्बन्धमा खासै योगदान पुग्न सकेन । सातौं योजना (सन् १९८५-९०) मा आएर बल्ल ६ वर्षपूर्वको बालबालिकाको विकाससम्बन्धी कार्यक्रम समाविष्ट गरिएको दखिन्छ । यसभन्दा अघि नेपाल राष्ट्रिय शिक्षा समिति २०१८ ले यस सम्बन्धमा सिफारिस गरेका थिए तर पूर्वप्राथमिक उमेरका बालबालिकालाई शिक्षा र विकासका लागि राष्ट्रिय योजनाहरूमा उल्लेख गरिएको थिएन । पूर्वप्राथमिक शिक्षा भन्नाले प्राथमिक शिक्षाभन्दा पूर्व, चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्ष दिने शिक्षा भन्ने बुझिन्छ भनी परिभाषित गरिएको पाइन्छ । शिक्षा ऐन, २०२८ ले पूर्वप्राथमिक विद्यालय भन्नाले चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ भनी परिभाषित गरेको पाइन्छ (ढकाल र अन्य, २०६३) ।

नेपालमा गठित शिक्षासम्बन्धी विभिन्न समिति, आयोग तथा योजनाहरूले पनि पूर्वप्राथमिक शिक्षालाई परिभाषित गर्दै सञ्चालनका लागि सुझाव प्रस्तुत गरेका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८ ले ३ वर्ष पुगी ५ वर्ष ननाघेका बालबालिकाहरू प्रत्येक टोल र गाउँमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएको बालउद्यानको स्थापना गर्न पूर्वप्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेस गरेको थियो भने पूर्वप्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन, २०२८ ले ३ वर्ष पूरा गरेका तर ५ वर्ष ननाघेका बालबालिकाहरूलाई दिइने शिक्षालाई पूर्वप्राथमिक शिक्षाको रूपमा परिभाषित गरेको छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग, २०४९ ले ४ वर्ष पुगेका बालबालिकाहरूको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्ष पूर्वप्राथमिक शिक्षालाई प्रोत्साहन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५८ ले शैक्षिक संरचनाभित्र १ वर्ष पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ भने उच्चस्तरीय कार्यसमिति, २०५८ को प्रतिवेदनमा शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने, त्यस्तो कार्यक्रम सञ्चालन, रेखदेख र व्यवस्थापनको दायित्व गा.वि.स. वा नगरपालिकाको हुनुपर्ने र त्यसका लागि सरकारले एकमुष्ट अनुदान दिनुपर्ने तथा उक्त

कार्यक्रमलाई अधिराज्यव्यापी रूपमा विस्तार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसरी नेपालमा पूर्वप्राथमिक शिक्षालाई प्राथमिक शिक्षाकै तलतिर फैलन हाँगाका रूपमा लिने गरिएको छ (जोशी, २०५४) ।

शिक्षा ऐन, २०२८ को संशोधन, २०६३ को दफा २ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालयलाई पूर्वप्राथमिक विद्यालय भनी परिभाषित गरेको छ । शिक्षा नियमावली, २०५९ को तेस्रो संशोधन, २०६२ को दफा २ ले चार वर्ष पूरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि गा.वि.स. वा नगरपालिकाको स्वीकृति लिएर खोलिएका केन्द्रलाई पूर्वप्राथमिक विद्यालय/शिशु विकास केन्द्र भनी परिभाषित गरेको छ ।

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१ को दफा २ ले पनि उपर्युक्त परिभाषाहरूलाई नै स्विकार्दै बालबालिकाहरूको सर्वाङ्गीण विकासको कार्य गर्ने ४ वर्षमुनिका बालबालिकाहरूको लागि मात्र सेवा पुऱ्याउने वा ४ वर्षमुनिका बालबालिकाका साथै ४ देखि ५ वर्ष उमेर समूहका बालबालिका समेतलाई सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्वप्राथमिक कक्षा सहितको समुदायमा आधारित भई सञ्चालित संस्थाको एकीकृत संरचनालाई बालविकास केन्द्र भनी परिभाषा दिएको छ । त्यस्तै सोही निर्देशिकाको दफा ३ अनुसार विद्यालयमा आधारित भई बालबालिकाको सर्वाङ्गीण विकासको कार्य गर्ने उद्देश्यले सञ्चालित ४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई समेत शिक्षा विकासमा सेवा पुऱ्याउने एकीकृत संरचनालाई पूर्वप्राथमिक विद्यालय मानिएको छ भनी उल्लेख गरिएको छ ।

समुदायमा आधारित बालविकास केन्द्रहरूलाई कार्यक्रमका रूपमा निरन्तरता दिँदै मागका आधारमा विस्तार गर्न प्रारम्भिक उमेर समूहका बालबालिकाहरूको पहुँच वृद्धि गर्न विद्यालयमा पनि एक वर्ष पूर्वप्राथमिक कार्यक्रम सञ्चालनमा व्यापकता ल्याउने, पछाडि पारिएका जनजाति, महिला, मधेसी, लोपोन्मुख जाति एवम् दलितहरू अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रलाई एकीकृत कार्यक्रमसँग समायोजन गरी कार्यान्वयन गर्ने विशेष व्यवस्था गर्ने, स्थानीय निकायले विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोगमा स्थानीय तहका संघसंस्थाहरू आमा समूहहरू, युवा समूह, उपभोक्ता समूह, बचत समूह आदिलाई परिचालन गर्ने, ९००० नयाँ पूर्वप्राथमिक शिक्षा/बालविकास केन्द्र स्थापना गर्ने, पछाडि पारिएका जनजाति, मधेसी, लोपोन्मुख जनजाति एवम् दलित अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित ४००० बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य लिएको देखिन्छ (तीनवर्षीय अन्तरिम योजना, २०६४-६७) ।

पूर्वप्राथमिक शिक्षाको महत्वलाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय रूपमा पनि कार्यक्रमहरू तय भएका छन् । विश्वमा पूर्वप्राथमिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भएका छन् । जसमध्ये पहिलो प्रयासका रूपमा सन् १९८९ नोभेम्बर २० को बालअधिकार सम्बन्धी घोषणापत्रलाई लिन सकिन्छ । त्यस घोषणापत्रका १० वटा सिद्धान्तहरूलाई अधिकारका रूपमा उपयोग गर्न पाउने व्यवस्था गरिएको छ । सन् १९६० मा युनिसेफले बालबालिकाहरूको अधिकार सुरक्षित गर्न सदस्य राष्ट्रहरूसँग परामर्श गरी सन् १९६१ देखि युद्धपीडित बालबालिकाहरूलाई सङ्कटकालीन सहयोग पुऱ्याउँदै आएको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिलाई लिन सकिन्छ । यस महासन्धिले बालअधिकार सम्बन्धी ५४ वटा धारा प्रस्तुत गरेको छ । सन् १९९० मा थाइल्यान्डको जोम्टिन र सन् २००० मा सेनेगलको डकारमा भएका 'सबैका लागि शिक्षा' सम्बन्धी विश्व सम्मेलनले शिक्षाका अन्य पक्षहरूका साथै प्रारम्भिक बाल्यावस्था स्याहार तथा शिक्षा विस्तार र सुधार गर्ने लक्ष्य राखेका छन् । सो लक्ष्य प्राप्त गर्नका लागि सन् २००१ मा नेपाल सरकारले 'सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, २००१-२०१५' तयार गरिसकेको

छ । जस अनुसार सरकारले सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष उमेरका बालबालिकाहरू मध्ये ८० प्रतिशत बालबालिकाहरूलाई सेवा पुऱ्याउन जम्मा ७४,००० बालविकास केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखेको छ (EFA National Plan of Action, 2001) । उपर्युक्त लक्ष्य अनुरूप नै नेपालको दसौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) को अवधिभित्र १३,००० बालविकास केन्द्रहरू खोल्ने लक्ष्य राखिएको थियो (दसौँ योजना मस्यौदा, शिक्षा मन्त्रालय, २०५९) । नेपाल सरकारले देशभरिमा २०,०२३ वटा स्कुलमा बालविकास केन्द्र सञ्चालन गरेको छ (शिक्षा विभाग, २०६५) । हाल नेपालमा पूर्वप्राथमिक/बालविकास केन्द्रहरूको सङ्ख्या ५,५३,९८३, प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर १८.३%, कक्षा १ को कक्षोन्नति दर ४९.३%, कक्षा १ मा कक्षा दोहोऱ्याउने दर २९.८% र कक्षा १ कै बीचैमा कक्षा छोड्ने दर २०.९% रहेको छ (शिक्षक शिक्षा, २०६३) ।

नवौँ पञ्चवर्षीय योजना (सन् १९९७-२०००) मा मुलुकमा प्रारम्भिक बालविकास कार्यक्रमको विस्तारका लागि केही विशेष कार्यक्रमहरू विस्तार गऱ्यो । यसले दुर्गम र ग्रामीण इलाकामा बस्ने सुविधाविहीन समुदायका ५ वर्षमुनिका बालबालिकाहरूका लागि समेत उपयुक्त प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनमा जोड दियो । दसौँ पञ्चवर्षीय योजना (सन् २००२-२००७) ले सन् २००७ सम्म १३०० प्रारम्भिक बालविकास केन्द्रहरू विस्तार गरिने र सहयोगी कार्यकर्ताहरूलाई प्रारम्भिक बालविकासको अवधारणा र कक्षा सञ्चालन विधि मार्गदर्शनबारे तालिम दिने उल्लेख गरेको पाइयो । यस अवधिमा सबै प्राथमिक विद्यालयका शिक्षक र प्र.अ.हरूलाई प्रारम्भिक बालविकासबारे अभिमुखीकरण गर्न २,६६,००० अभिभावकहरूलाई अभिभावक शिक्षा दिनका लागि कार्यक्रम अघि बढाउनुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले गा.वि.स./न.पा. को सिफारिसमा र जिल्ला शिक्षा अधिकारीको अनुमतिमा पूर्वप्राथमिक शिक्षा/विद्यालय खोल्न पाउने व्यवस्था गरेको पाइन्छ । वि.सं. २०५४ सालपछि प्राथमिक शिक्षा परियोजना अन्तर्गत प्राथमिक विद्यालयका एक वर्षे शिशु कक्षाहरू सञ्चालन हुँदै आएको पाइन्छ । त्यसै गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवम् नियमावली, २०५९ ले पूर्वप्राथमिक विद्यालय खोल्न र सञ्चालन गर्न गा.वि.स./नगरपालिकालाई अधिकार प्रदान गरेको छ (अधिकारी र अन्य, २०६७) ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पूर्वप्राथमिक शिक्षा पाठ्यक्रमका उद्देश्यका बारेमा कुनै सङ्केत नगरेकामा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ ले पूर्वप्राथमिक शिक्षाको उद्देश्य समेतको व्यवस्था गरेको छ । उक्त पाठ्यक्रमले पूर्वप्राथमिक शिक्षाका बालबालिकाहरूमा निम्न पक्षको विकास गराउने उद्देश्य राखेको छ :

क) शारीरिक, संवेगात्मक र सामाजिक भावनको विकासमा अवसर प्रदान गर्ने ।
ख) सरसफाई र सुरक्षासम्बन्धी बानी बसाल्न प्रेरित गर्ने ।
ग) सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने ।
घ) प्राथमिक शिक्षाका लागि पूर्वतयारी गराउने ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ र आधारभूत तथा प्राथमिक शिक्षाको गुरुयोजना, २०५३ ले हाल नेपालमा ४ प्रकारका संस्थाहरूबाट पूर्वप्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालित हुँदै आएको कुरा उल्लेख गरेका छन् :

क) गैरसरकारी संस्थाद्वारा सञ्चालित शिशु स्याहार र पूर्वप्राथमिक शिक्षा कार्यक्रमहरू ।
ख) विकास परियोजनाद्वारा सञ्चालित बालस्याहार वा शिक्षा सम्बन्धी कार्यक्रमहरू ।
ग) निजी विद्यालयका रूपमा सञ्चालित नर्सरी, किन्डरगार्टेन कक्षाहरू ।
घ) सार्वजनिक विद्यालयहरूद्वारा सञ्चालित शिशु कक्षाहरू ।

यसरी उद्देश्यमा चार प्रकारले सञ्चालित प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा कार्यक्रमहरू देखिए तापनि यहाँ समुदायमा आधारित र विद्यालयमा आधारित दुई प्रकारका

पूर्वप्राथमिक शिक्षा कार्यक्रम कार्यान्वयनको तुलनात्मक विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ (न्यौपाने, २०६७) ।

पूर्वप्राथमिक विद्यालय र प्रारम्भिक बालविकासको व्यवस्थापन सम्बन्धी कानुनी प्रावधानहरूमा पूर्वप्राथमिक विद्यालय र प्रारम्भिक बालविकास केन्द्रहरूको व्यवस्थापनका लागि नेपाल सरकार र अन्य निकायहरूले जुटाउने स्रोत र साधन सम्बन्धमा पूर्वप्राथमिक विद्यालय र बाल विकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१ मा व्यवस्था गरिएको छ । सो अनुसार पूर्वप्राथमिक विद्यालय वा बाल विकास केन्द्रका कक्षालाई नेपाल सरकारले स्थानीय निकायको सिफारिसमा आर्थिक अनुदान उपलब्ध गराउँदछ (दफा ७) । त्यस्तै अन्य काम, कर्तव्यका अतिरिक्त शिक्षा मन्त्रालयले प्रारम्भिक बाल विकास, पूर्वप्राथमिक विद्यालय कार्यक्रम सञ्चालन गर्न अन्तर्राष्ट्रिय संघसंस्थाबीच समन्वय गरी स्रोत जुटाउँदछ । शिक्षा विभागले ECD कार्यक्रम सञ्चालन गर्ने संघसंस्थालाई प्राविधिक सहयोग उपलब्ध गराउँदछ तथा आवश्यक सन्दर्भ सामग्रीको विकास गरी ती सामग्रीहरूको प्रयोगको बन्दोबस्त मिलाउँछ । जिल्ला विकास समितिले कार्यक्रमको गुणस्तर विकास लागि प्राविधिक सहयोग पु¥याई सम्पर्कविन्दुको रूपमा कार्य गर्दछ । नगरपालिका वा गाउँ विकास समितिले कार्यक्रमका लागि भवन, खेलमैदान, धारा, पानी, शौचालय आदिको व्यवस्था गर्न मदत गर्दछ । पूर्व प्रा.वि. ⁄ प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिले ECD Centre को हितमा आर्थिक तथा अन्य उपलब्ध भौतिक स्रोतहरूको पहिचान, परिचालन र उपयोग गर्दछ (दफा २१-३०) । नेपाल सरकारबाट स्वीकृत कोटामा परेका बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको पारिश्रमिक पनि पूर्व प्रा.वि. ⁄ प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन समितिले तोकिए बमोजिम सरकारी अनुदान प्राप्त कोषबाट बेहोरिन्छ । पूर्व प्रा.वि. ⁄ प्रारम्भिक बाल विकास केन्द्रको दिगोपनका लागि केन्द्रले परिचालन गर्ने गरी नेपाल सरकार वा स्थानीय निकायको सहयोगमा एक जोड कोष स्थापना गर्न पाउने पनि प्रावधान छ । प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने संस्था वा व्यक्तिले शिक्षा विभागबाट तयार गरिएको र राष्ट्रिय पाठ्यक्रम परिषद्बाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू प्रयोग गर्नुपर्ने कुरा सोही निर्देशिकामा उल्लेख छ (निर्देशिका, २०६१) ।

पूर्वप्राथमिक शिक्षालाई बालबालिकाको महत्वपूर्ण आधार वा जगका रूपमा लिइएको छ । 'जग बलियो भए घर बलियो हुन्छ' भने जस्तै बालबालिकाहरूको यो आधार अवस्थामा राम्रो स्याहार लालनपालन गरेमा पछिको विकास पनि राम्ररी हुन्छ । त्यसैले पूर्वप्राथमिक शिक्षाले बालबालिकाहरूको मनोक्रियात्मक क्षमताको विकास र संवेगात्मक क्षमताको विकासमा सहयोग पु¥याउँछ । फलस्वरूप बालबालिकाहरू डराउने, रुने जस्ता कुराहरूबाट मुक्त भई स्वतन्त्र रूपमा साथीहरूसँग घुलमिल हुन सक्छन् र आफ्ना मनका लागेका कुराहरू निर्धक्कसाथ अभिव्यक्त गर्न सक्दछन् । पूर्वप्राथमिक शिक्षाले बलबालिकाहरूको शारीरिक,

बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुऱ्याउँछ । पूर्वप्राथमिक शिक्षा बालबालिकाहरूका लागि स्वस्थ बानीको विकास गर्न, शारीरिक तन्दुरुस्ती कायम गर्न, सकारात्मक धारणा र बानीहरूको निर्माण गर्न साथै बौद्धिक विकास, आत्मनिर्भरत र सृजनशीलताको विकास गर्न आवश्यक देखिन्छ (पौडेल र अन्य, २०६६) ।

पूर्वप्राथमिक शिक्षा बालबालिकाहरूको लागि स्वस्थ बानी, विद्यालय जानका लागि बानी बसाउने, बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक विकास गराउने एक आधार स्तम्भ हो । बालबालिकाहरू भोलिका देश निर्माणका आधार हुन् । उनीहरूको सुरुको शिक्षाले आउँदो दिनको शिक्षा र भविष्य निर्माण गर्न सघाउ पुऱ्याइरहेको हुन्छ । त्यसकारण पूर्वप्राथमिक पाठ्यक्रम समुदाय र विद्यालयस्तरबाट सञ्चालन भइरहेका छन् । तीबीचमा केकति फरक छ, पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

## १. २. समस्याको कथन

पूर्वप्राथमिक पाठ्यक्रम अनुरूप सञ्चालित कक्षाहरू बालबालिकाको बौद्धिक, मानसिक, शारीरिक विकास गराउने अपेक्षाका साथ खोलिएका छन् । यस्ता कक्षाहरू समुदाय र विद्यालय दुवै स्तरबाट सञ्चालनमा आएका छन् ।

वि.सं. २०५६ सालमा शिक्षा विभागको स्थापना भएपश्चात् शिशु कक्षाहरू समुदायमूलक बालविकास केन्द्रका रूपमा सञ्चालन हुन थाले । त्यसपछि शिक्षा विभागले बालविकास केन्द्रको कोटा वृद्धि गरी अन्य केन्द्रहरू विस्तार गर्ने क्रममा २०६३ सालसम्ममा ७५ वटा जिल्लामा ५७०० भन्दा बढी बालविकास केन्द्रहरू सञ्चालन भएको पाइन्छ ।

यसरी दिनानुदिन समुदाय र विद्यालयस्तरबाट सञ्चालन भएका यस्ता कक्षाहरूको मुख्य उद्देश्य नै सानासाना बालबालिकाहरूको खेल तथा क्रियाकलापको माध्यमबाट मानसिक, बौद्धिक, सामाजिक, शारीरिक र संवेगात्मक विकास साथै तह अनुरूपको ज्ञान, सीप प्रदान गर्नुपर्ने हुन्छ । तर पाठ्यक्रमको कार्यान्वयन गर्ने आवश्यक तालिम प्राप्त शिक्षक, पर्याप्त मात्रामा शैक्षिक सामग्री, भौतिक पूर्वाधार केकस्तो अवस्थामा छन्, निर्देशन अनुरूपको कार्य हुन सकेको छ कि छैन, त्यसले केकस्ता समस्याहरू उत्पन्न गरेका छन्, समुदायमा आधारित र विद्यालयमा आधारित बीचमा केकस्तो भिन्नता रहेको छ र यसलाई समाधान गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ भनी समुदाय र विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन शीर्षक चयन गरिएको छ ।

## १. ३. अध्ययनको औचित्य

पूर्वप्राथमिक शिक्षा बालबालिकाहरूको लागि स्वस्थ बानीको विकास गर्न, शारीरिक तन्दुरुस्ती कायम गर्न, सकारात्मक धारणा र बानीहरूको निर्माण गर्न साथै बौद्धिक विकास, आत्मनिर्भरता र सृजनशीलताको विकास गर्न आवश्यक देखिन्छ । पूर्वप्राथमिक शिक्षालाई

बालबालिकाको महत्वपूर्ण आधार वा जगका रूपमा लिइएको छ । जग बलियो भए घर बलियो हुन्छ भनेजस्तै बालबालिकाको यो आधार अवस्थामा राम्रो स्याहार र लालनपालन गरेमा पछिको विकास पनि राम्ररी हुन्छ । त्यसैले पूर्वप्राथमिक शिक्षाले बालबालिकाहरूको मनोक्रियात्मक क्षमताको विकास र संवेगात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । फलस्वरूप बालबालिकाहरू डराउने, रुने जस्ता कुराहरूबाट मुक्त भई स्वतन्त्र रूपमा साथीहरूसँग घुलमिल हुन सक्छन् र आफ्ना मनमा लागेका कुराहरू निर्धक्कसाथ अभिव्यक्त गर्न सक्दछन् । पूर्वप्राथमिक शिक्षाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुऱ्याउँछ । साथै पूर्वविद्यालयका वर्षहरू बालबालिकाको नयाँ विषयवस्तु सिक्ने र विकास गर्ने समय हो । जुन सिकाइले पछिल्ला सिकाइहरूलाई पूर्णतया प्रभावित पार्छ । तसर्थ शिक्षकहरूले बालबालिकाहरूलाई यस उमेरमा राम्रो हेरचाह तथा बानीबेहोरा विकास गर्न आवश्यक छ । यसले कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने जस्ता प्राथमिक शिक्षाका समस्याहरूलाई घटाउँछ ।

पूर्व विद्यालय शिक्षाले बालबालिकाहरूलाई उनीहरूको जिज्ञासा अनुसारका प्रश्न गर्न, स्वतन्त्र रूपले अभिव्यक्त गर्न र अभ्यास गर्ने अवसरहरू सृजना गर्न मदत गर्दछ । साथै मनोवैज्ञानिक, सामाजिक र उपचारात्मक दृष्टिकोणले हेर्दा पूर्वविद्यालय शिक्षा बढी महत्वपूर्ण हुन्छ र पूर्वप्राथमिक शिक्षाले अभिभावकहरूको धारणामा सकारात्मक परिवर्तनको विकास गरेको छ । जसले गर्दा पूर्वप्राथमिक शिक्षाको आवश्यकता महसुस भई माग बढ्दै गएको छ । तर सोही अनुरूप पाठ्यक्रमको कार्यान्वयन भइरहेको छ कि छैन, प्राथमिक तहका लागि ज्ञान, सीपको विकास गराउन सकेको छ कि छैन भनी हेर्न अनुसन्धानको महत्व रहन गएको छ ।

त्यसरी नै पूर्वप्राथमिक सञ्चालन गर्ने सामुदायिक तथा विद्यालय स्तरका सम्पूर्ण कर्मचारी, कार्यरत सहयोगी आदिलाई केकसरी सञ्चालन भइरहेका छन्, त्यसको सही जानकारी हुनुका साथै यस पक्षमा चासो राख्ने शिक्षाविद्, समाजसेवी, अभिभावकहरूलाई त्यस सम्बन्धी सही जानकारी प्राप्त हुन हुन्छ । यसका साथै भविष्यमा बालविकास सम्बन्धी अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि आवश्यक जानकारी उपलब्ध गर्नका लागि महत्वपूर्ण स्रोतका रूपमा सहयोगी हुनेछ ।

यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रमविद्, पाठ्यक्रम निर्माता, शिक्षक, अभिभावक तथा सरोकारवाला निकायलाई अवश्य नै मदत पुऱ्याउने आशा राखिएको छ ।

## १. ४. अनुसन्धानका उद्देश्यहरू

यस अनुसन्धानका मुख्य उद्देश्यहरू निम्नअनुसार छन् :

क) समुदाय र विद्यालय स्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनको वर्तमान अवस्था विश्लेषण गर्ने ।

ख) समुदाय र विद्यालय स्तरबाट सञ्चालित विद्यालयहरूको भौतिक पक्षको अवस्था पत्ता लगाउने ।

ग) समुदाय र विद्यालय स्तरबाट सञ्चालित पूर्वप्राथमिक विद्यालयहरूको शैक्षिक सामग्रीको अवस्था पत्ता लगाउने ।

घ) समुदायिक तथा विद्यालयस्तरको पाठ्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या पहिचान गरी सुझाउने ।

## १. ५. अनुसन्धानका प्रश्नहरू

यस अनुसन्धानका लागि निम्नअनुसारका अनुसन्धानात्मक प्रश्नहरू रहनेछन् :

क) समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक कक्षा सञ्चालनको अवस्था कस्तो छ ?

ख) यस पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनका लागि चाहिने आवश्यकीय चिजहरू कस्तो अवस्थामा रहेका छन् ?

ग) पूर्वप्राथमिक कक्षाले तपाईहरूका विद्यार्थीहरूलाई केकस्तो ज्ञान, सीप, बानीको विकास गराउन सक्षम भएको छ ?

घ) पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने शिक्षक, शिक्षिका तालिम प्राप्त छन् ?

ङ) पूर्वप्राथमिक पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास गराउने प्रयास गरेको देख्नुहुन्छ ?

च) समुदाय तथा विद्यालयस्तरमा सञ्चालन भएका कक्षामा केही समस्या रहेका छन् ?

## १. ६. अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानको निश्चित कार्य सीमा निर्धारण गरिएको हुन्छ । सीमित स्रोत, साधन, समय, आर्थिक अवस्थाका कारण यस अध्ययनको सीमा निम्न अनुसार तय गरिएको छ :

क) यो अध्ययन झापा जिल्लामा सञ्चालित पूर्वप्राथमिक कक्षाबाट बैगुन्धुरा र महाभारा गा.वि.स.मा सञ्चालित सामुदायिक र विद्यालय स्तरबाट सञ्चालनमा आएका ३/३ वटा संस्थाहरूमा मात्र केन्द्रित रहेको छ ।

ख) यस अनुसन्धानका लागि समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने ३/३ जना शिक्षक/शिक्षिक छनोट गरिएको छ ।

ग) समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षामा अध्ययनरत विद्यार्थीका अभिभावकहरूबाट ५/५ जना छनोट गरिएको छ ।

घ) यो अनुसन्धान दुवै स्तरमा पाठ्यक्रम केकसरी कार्यान्वयन भइरहेको छ, छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूको वर्तमान भौतिक र शैक्षिक अवस्था कस्तो छ,

त्यसमा के कस्ता समस्याहरू रहेका छन्, त्यसमा केकस्ता सुझावहरू दिन सकिन्छ भनी त्यसमा खोज अनुसन्धान केन्द्रविन्दुमा रहेको छ ।

## १. ७. शब्दावलीहरूको परिभाषा

यस अध्ययनमा प्रयोग भएका शब्दावलीहरूको परिभाषा निम्नअनुसार प्रस्तुत गरिएको छ :

| | | |
|---|---|---|
| पूर्वप्राथमिक | : | शिक्षा नियमावली, २०५९ ले तोके अनुसार सञ्चालन भएका १ वर्षे शिशु पठन कक्षाहरू । |
| सामुदायिक पूर्वप्राथमिक | : | समुदायद्वारा सञ्चालित पूर्वप्राथमिक । |
| विद्यालयस्तरीय पूर्वप्राथमिक | : | विद्यालयमा सञ्चालनमा रहेका कक्षाहरू । |
| पूर्वप्राथमिक पाठ्यक्रम | : | २०५८ सालमा शिक्षा मन्त्रालय अन्तर्गत बालविकास शाखाले तयार गरेको पाठ्यक्रम । |
| प्रारम्भिक बाल्यावस्था | : | दुई वर्षदेखि ५ वर्षसम्मको अवधि । |
| बालबालिका | : | पूर्वप्राथमिक कक्षामा अध्ययन गर्ने विद्यार्थी । |
| अभिभावक | : | पूर्वप्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका संरक्षक । |
| संस्था | : | पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने विद्यालय । |
| शिक्षक/शिक्षिका | : | विद्यार्थीलाई अध्यापन गराउने व्यक्ति । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

## २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

सेरिड (२०५०) समुदायमूलक पूर्वप्राथमिक शिक्षा कार्यक्रम नामक एक अनुसन्धानमा पूर्वप्राथमिक/शिशु कक्षाको सुधार गर्ने उद्देश्यले ५ वटै विकास क्षेत्रलाई समेटेर झापा, चितवन, तनहुँ, बाँके, डडेल्धुरा, सुर्खेत र कैलाली जिल्लालाई नमुना छनोट गरी शिशु कक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन गरेको छ । उक्त अध्ययनले पूर्वप्राथमिक/शिशु कक्षा नपढी प्राथमिक तह पढ्ने बालबालिकाहरूको तुलनामा शिशु कक्षा पढेर प्राथमिक तह पढ्नेहरूले औसत उपलब्धि १५% ले बढी भएको कुरा देखाएको छ । यस अध्ययनको विश्लेषणले पढ्ने, लेख्ने, खेल्ने, अनुशासन निर्माण गर्न, साथी बनाउन, समग्रमा गुणस्तरीय शिक्षाको आधार निर्माण गर्न शिशु शिक्षा महत्वपूर्ण भएको कुरा उक्त अध्ययनले देखाएको छ । शैक्षिक सामग्रीहरू न्यून उपलब्ध र तालिम प्राप्त शिक्षक, शिक्षिका पनि न्यून मात्र रहेको र भौतिक अवस्था पनि पर्याप्त नरहेको पाइयो । यस अध्ययनले बालबालिकाको उपलब्धिलाई समावेश नगरे तापनि पूर्वप्राथमिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ भन्ने सम्बन्धमा अध्ययन गरिएको छ (सेरिड, २०५०) ।

गौतम (२०६३) ले शोध प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरूको सिकाइमा पारेका प्रभाव भन्ने शीर्षकमा आधारित भई प्रारम्भिक बालविकास केन्द्रले सिकाइमा पारेको प्रभाव विश्लेषण गर्नु, प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाहरूबीच सिकाइको तुलना गर्नु, प्रारम्भिक बालविकास केन्द्रले कक्षा एकको सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु जस्ता उद्देश्यमा आधारित भई अनुसन्धान गरेको पाइन्छ । अनुसन्धान गर्ने क्रममा शोधकर्ताले नवलपरासी जिल्लामा सञ्चालित बालविकास केन्द्र र पूर्वप्राथमिक विद्यालयहरूलाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ । नवलपरासी जिल्लामा सञ्चालित २१३ वटा केन्द्रहरूमध्ये ५ वठा केन्द्र र केन्द्रका २५ वटा प्रारम्भिक बालशिक्षा पाएका र उति नै संख्यामा प्रारम्भिक बालशिक्षाको अवसर नपाएका बालबालिकाहरूलाई स्वीकृत नमुना छनोटका आधारमा छनोट गरी तुलनात्मक अध्ययन गरेको पाइयो । तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्राथमिक र द्वितीय दुवै तथ्याङ्क सङ्कलन र टेबुलेसन गरी गुणात्मक र संख्यात्मक दुवै तरिकाले विश्लेषण गरेको पाइनछ । अध्ययन अनुसन्धान गर्ने क्रममा बालशिक्षा प्राप्त गरेका र अप्राप्त विद्यार्थीहिरूको कक्षा एकको उत्तीर्ण दरलाई विश्लेषण गरिएको छ । बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरूको बोलाइ, सुनाइ, सोचाइ, जिज्ञासा, नक्कल, सहायता, ध्यान दिने-नदिने, वातावरण बुझ्ने-नबुझ्ने आदि पक्षको विश्लेषण गरिएको छ । बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरूको सरसफाइ, संवेग, विद्यालयमा नियमितता, अतिरिक्त क्रियाकलाप, माथिल्ला कक्षाहरूमा शैक्षिक र मनोवैज्ञानिक विकास, भाषा विकास आदि सम्पूर्ण पक्षलाई नजिकबाट तथ्याङ्कशास्त्रीय विधिबाट विश्लेषण गरेको पाइयो । जसलाई अध्ययनबाट प्राप्त उपलब्धिका रूपमा लिन सकिन्छ (गौतम, २०६३) ।

खत्री (२०६७) ले शोध शीर्षक भोजपुर जिल्लाभित्र पर्ने बालङ्खा र बयाङ स्रोतकेन्द्रको 'बालविकास केन्द्रको प्रभावकारिता' सम्बन्धमा विश्लेषण गरिएको छ । बालविकास केन्द्रको अवसर नपाई सिधै विद्यालयमा भर्ना भएका बालबालिकाहरूको शैक्षिक उपलब्धिभन्दा बालविकास केन्द्रमा अध्ययन गरी कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको शैक्षिक उपलब्धि, विद्यालयमा नियमितता, अतिरिक्त क्रियाकलाप, सरसफाइ उच्च रहेको, बालविकास केन्द्रबाट आएका बालबालिकाहरूको बोलाइ, सुनाइ, लेखाइ, सामाजिक वातावरण बुझ्ने, जिज्ञासुपन,

नक्कल गर्ने र संगठनात्मक सोच उच्च राख्न पूर्वप्राथमिक पाठ्यक्रमको प्रभाव उल्लेखनीय सहयोग पुऱ्याएको कुरा अध्ययनको मुख्य प्राप्ति रहेको छ (खत्री, २०६३) ।

न्यौपाने (२०६३) पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था एक अध्ययनमा यो अध्ययन लमजुङ जिल्लाभित्रका ४ वटा गा.वि.स. मा सञ्चालित १२ वटा पूर्वप्राथमिक विद्यालय छनोट गरिएको रहेछ । १२ वटा पूर्वप्राथमिक कक्षाहरूमा शिक्षा नियमावली, २०५९ को पाठ्यक्रम लागू भएको पाइयो । पाठ्यक्रम फ्रोबेल र मन्टेस्वरीको सिद्धान्तसँग मिल्दोजुल्दो भएको पाइयो । बालविकासका लागि सञ्चालन गरेका क्रियाकलापहरूमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षहरूलाई विकास गराउने उद्देश्यले सञ्चालन रहेको पाइो । शिक्षक, शिक्षिकाहरू तालिम तथा प्रशिक्षण कुनै व्यवस्था नभएको र पाठ्यक्रम कार्यान्वयनको यथेष्ट कदम सही रूपमा माथिल्लो निकायबाट नचलाइएको तथ्य पाइयो भन्ने निष्कर्ष निकाल्नुभएको छ (न्यौपाने, २०६३) ।

श्रेष्ठ (२०६३) ले 'नेपालमा समुदायमा आधारित तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता' शीर्षकमा अध्ययन गर्नुभएको थियो ।

यस अध्ययनको प्राप्तिहरूमा अधिकांश समुदायमा आधारित बालविकास केन्द्रहरूमा आमसभामा भेला हुने, जमिन, श्रमदान, भौतिक सामग्रीहरू प्रदान गर्ने सन्दर्भमा समुदाय, अभिभावक र बालविकास केन्द्रबीच राम्रो सम्बन्ध भएको तर विद्यालयमा आधारित बालविकास केन्द्रहरको समुदाय र अभिभावकसँग घनिष्ट सम्बन्ध स्थापित हुन नसकेको, विद्यालयमा आधारित बालविकास केन्द्रहरूको बाहिरी वातावरण (हाता बेरा, खेलमैदान, शौचालय, पिउने पानी) समुदायमा आधारित बालविकास केन्द्रहरूको भन्दा राम्रो रहेको तर कक्षाकोठाको भित्री वातावरण (बस्ने ठाउँ, बस्ने सामग्री, क्रियाकलाप सञ्चलान) भने समुदायमा आधारित बालविकास केन्द्रहरूकै राम्रो देखिएको, दुवै किसिमका बालविकास केन्द्रहरूमा बाहिरी सिकाइ र वातावरण सन्तोषजनक नभएको तर समग्रमा भित्ता रङरोगन, स्थिर खेलसामग्री, बालसिकाइ सामग्रीहरूको किसिम र सङ्ख्या, सहजकर्ता/अभिभावक निर्मित सामग्री र तयारी सामग्री, सिकाइ क्षेत्रको व्यवस्थापन र बालसिकाइ सामग्रीको सजावटका दृष्टिकोणले समुदायमा आधारित बालविकास केन्द्रहरू राम्रो रहेको, सबै समुदायमा आधारित बालविकास केन्द्रहरूमा खेल विधि र बालकेन्द्रित विधिमा क्रियाकलापहरू सञ्चालन हुने गरेको तर अधिकांश विद्यालयमा आधारित बालविकास केन्द्रहरूमा प्राथमिक कक्षामा जस्तै विषय शिक्षणमा जोड दिइएको रहेका थिए (श्रेष्ठ, २०६३) ।

श्रेष्ठ (२०६१) काठमाडौं उपत्यकाभित्र सञ्चालित पूर्वप्राथमिक विद्यालयको भौतिक सुविधाहरूको व्यवस्थापनमा आधारित भई अध्ययन गरिएको छ । जसमा काठमाडौं जिल्ला भित्रमा ३ वटा गा.वि.स.का ८ वटा पूर्वप्राथमिक विद्यालय छनोट गरिएको छ । जसमा पूर्वप्राथमिक विद्यालय भन्नाले प्राथमिक विद्यालयमा भर्ना हुनुअघि दिइने शिक्षा हो । भौतिक सुविधा राम्रो भएमा शिक्षाले राखेका निर्धारित लक्ष्य प्राप्त गर्न सकिन्छ । यसबाट भौतिक सुविधाहरूको व्यवसथपन पक्षको लेखाजोखा गर्न पूर्वप्राथमिक विद्यालयहरूमा भौतिक सुविधाहरूको व्यवसथपन पक्षको समस्याहरू पहिचान गरी समाधानका उपायहरू कार्यान्वयनका लागि आवाश्यक सुझाव दिने उद्देश्यमा आधारित भई सहभागिता, अवलोकन, असंरचित अन्तर्वार्ता, गुणात्मक पक्ष आदि अध्ययन प्रक्रिया अपनाइएको छ । सङ्कलित तथ्याङ्कहरूलाई तालिकीकरण गरी औसत, मध्यक, मध्यिका, सहसम्बन्ध, वृत्तचित्र, चार्ट आदिको प्रयोग गरी प्राप्त सूचनालाई विश्लेषण गरेको पाइन्छ । भवनको व्यवस्था पर्याप्त भए/नभएको, कक्षाकोठाको सजावट भए/नभएको, शौचालयको व्यवस्था, फर्निचरको अवस्था, खेलमैदानको अवस्था आदि पक्षहरूलाई अध्ययन गरी प्राप्तिका रूपमा उल्लेख गरिएको छ ( श्रेष्ठ, २०६१) ।

सापकोटा (२०६०) ले आफ्नो शोधपत्र प्रारम्भिक बालशिक्षा/पूर्वप्राथमिक शिक्षा सिद्धान्त र प्रयोग सम्बन्धी एक अध्ययनमा उहाँले सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित ४/४ वटा विद्यालय लिई संस्थागततर्फबाट नर्सरी, केजी र सामुदायिक अन्तर्गत शिशुकक्षा/पूर्वप्राथमिक कक्षाको कार्यान्वयन अन्तर्गत शिक्षण सिकाइ क्रियाकलाप र कक्षाकोठाको वातावरण अवलोकन तथा सहयोगी कार्यकर्तासँगको अन्तर्वार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गर्नुभएको रहेछ । उहाँको अध्ययनले बालविकास केन्द्रको भौतिक सुविधामा खेलमैदान, बगैँचा र खेल सामग्रीहरू पर्याप्त नभएको साथै अधिकांश गतिविधिहरू कक्षाकोठाभित्र सीमित रहेका, उमेर सहाउँदो बसाइ व्यवस्था र खेल व्यवस्था नभएको तथा उपलब्ध शैक्षिक साग्रीहरू पनि प्रयोग नभएको कुरा देखाउनुभएको छ । त्यसरी नै शिक्षण क्रियाकलापमा परिचय दिने, चित्रबारे बताउने, प्रश्न सोध्ने, छलफलमा भाग लिने जस्ता क्रियाकलापहरू भएका र ती क्रियाकलापहरूमा परम्परागत शिक्षण विधिकै प्रधानता पाएको उल्लेख छ । यस अध्ययनमा पूर्वप्राथमिक/बालशिक्षा सम्बन्धी केही प्रचलित चिन्तन अवस्थाको तुलनात्मक विश्लेषणमा जोड दिँदै सामर्थ्य, कमजोरी, अवसरहरू र चुनौतीहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गर्नुका साथै सिद्धान्त र व्यवहार नमिले तापनि परिमाणात्मक विकास आशलाग्दो छ भन्ने निष्कर्ष निकाल्नुभएको छ (सापकोटा, २०६०) ।

सेरिड (१९९८), पूर्वप्राथमिक/प्रारम्भिक बालविकास पाठ्यक्रम समुदायमा आधारित बालविकास केन्द्रहरूमा विशेष गरेर ग्रामीण क्षेत्रमा सञ्चालन भइरहेका छन् । यस कार्यक्रमले बालबालिकाको विकासमा समान अवसर प्रदान गरेको छ । यस्ता कार्यक्रममा सहभागी नभएका बालबालिकाको तुलनामा सहभागी भएका बालबालिकाहरूको प्राथमिक तहको उपलब्धि बढी भएको कुरा उल्लेख गरेको पाइन्छ (सेरिड, १९९८) ।

UNICEF (2003) को What is the difference ? The impact of early childhood development programs मा सिरहा जिल्लालाई नमुना छनोट गरी पूर्वप्राथमिक/बालविकास कार्यक्रमबाट के प्रभाव पर्‍यो भन्ने प्रश्न लिएर प्रारम्भिक बाल्यावस्था विकास कार्यक्रमको प्रभाव सम्बन्धी अध्ययन गरेको रहेछ । उक्त अध्ययनले पूर्वप्राथमिक/प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिकाको जातिगत संलग्नतालाई पनि हेरेको रहेछ । जसअनुसार पूर्वप्राथमिक विद्यालय वा बालविकास केन्द्रमा भर्ना भएकामध्ये १९ प्रतिशतल दलित भएकाले उक्त कार्यक्रमले शिक्षामा जातिगत विभेदलाई हटाउन सक्षम भएको कुरा प्रस्तुत गरेको छ । बालक र बालिकालाई समदृष्टिले हेर्नुपर्दछ भन्ने कुरामा जागरण ल्याउन प्रारम्भिक बालविका सक्षम भएको छ । त्यसरी नै सामाजिक भेदभाव कम गर्न, स्वतन्त्र अभिव्यक्ति दिन, अङ्ग्रेजी बोल्न, सफासुग्घर रहन तथा सिर्जनशील र जिज्ञासु स्वभाव विकास गराउन पूर्वप्राथमिक शिक्षा महत्वपूर्ण रहेको निष्कर्ष निकालिएको छ (UNICEF, 2003) ।

## २. २. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान निश्चित धरातलमा रहेर गरिन्छ । अनुसन्धानका लागि अनुसन्धानमा पूर्वस्थापित सिद्धान्तहरूको ज्ञान हुन जरुरी छ । जसका कारण अध्ययन अनुसन्धान गर्न सोजिएको विषयवस्तुको विकास क्रम र यस पक्षमा गर्दै आएका अध्ययन अनुसन्धानको ज्ञान हुन जान्छ । सम्बन्धित वा पूर्वसाहित्यको समीक्षाले अनुसन्धानकर्ताले अध्ययन गर्न खोजेको र हालसम्म अनुसन्धान कार्यमा कुनै प्रयास नभएको कुराको अध्ययन गर्नका लागि ज्ञान दिन्छ । सम्बन्धित साहित्यको समीक्षाले पहिले गरिएको अनुसन्धानात्मक कार्यहरूको बीचमा रहेको दूरीलाई कम गर्नमा सहयोग पुर्‍याउँछ । त्यसै गरी सम्बन्धित साहित्यको समीक्षाले अनुसन्धान कार्यमा निरन्तरता प्रदान गरी विगतमा भएको अनुसन्धानको दोहोरोपन हटाउन मदत गर्दछ । यो शोध शीर्षक समुदाय तथा विद्यालय

स्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था मन्टेस्वरी शिक्षाप्रणाली, फ्रेडरिक फ्रोबेल शिक्षा प्रणाली र दार्शनिक रुसोको शिक्षा प्रणालीको सिद्धान्तमा आधारित छ ।

मन्टेश्वरी (१९०७) को विचार अनुसार शिक्षा भन्नु विकास हो । बालबालिकाहरूको जन्मजात गुणहरूलाई पूर्ण रूप दिनु नै शिक्षा हो । बालबालिका जन्मिएको बेला उनीहरको आन्तरिक स्वरूप वातावरणमा मात्र प्रस्फुटन हुन सक्छ । त्यसकारण बालबालिकाहरूका लागि स्वतन्त्रता अनिवार्य हुन्छ । बालबालिकाहरूको मौलिक अधिकार र स्वतन्त्रता सोही वातावरणमा मात्र बालबालिकाहरू आत्मनिर्भर हुने गर्दछन् । मन्टेश्वरीले मांशपेसीको तालिमलाई प्रारम्भिक बालशिक्षाको महत्वपूर्ण अङ्गका रूपमा लिएकी छन् । यी सम्पूर्ण क्रियाकलाप ज्ञानेन्द्रियहरू ज्ञानका प्रवेशद्वार हुन् । उपदेशात्मक उपकरणहरू खेलाएर बालबालिकाहरू आफैं सिक्दछन् ।

मन्टेश्वरीले पूर्वप्राथमिक पाठ्यक्रम यसरी प्रस्तुत गरेकी छन् । पूर्वप्राथमिक पाठ्यक्रम बालकेन्द्रित पाठ्यक्रम, बालकको वैयक्तिक विकास, स्वतन्त्रता, क्रियात्मकतामा जोड दिएको छ । यो प्राप्त गर्ने माध्यम ज्ञानेन्द्रियलाई मानेको छ । यिनै सिद्धान्तहरूका आधारमा व्यक्तिगत विभिन्नता अनुसार शिक्षा दिने पाठ्यक्रमलाई मन्टेश्वरी पाठ्यक्रम भनिन्छ । मन्टेश्वरी विद्यालयको पहिलो दुई, साढेदुई वर्षबाट सुरु हुने यस पहिलो वर्षको पाठ्यक्रममा बालबालिकाले विद्यालय र आफ्नो घरका सामानहरूसँग इन्द्रियहरूको अभ्यासको विकास हुने, शारीरिक र मानसिक विकासमा सघाउ पुग्ने विश्वास गरिन्छ । मन्टेश्वरी विद्यालयको दोस्रो वर्ष लगभग ४ वर्षको उमेरबाट सुरु हुन्छ । ४ वर्षको उमेरबाट कार्यान्वयन गरिने पाठ्यक्रममा बालबालिकाहरूले पहिलो कक्षाको अभ्यास राम्रोसँग गर्नसक्ने गरी अभ्यास गर्दछन् । यसै गरी कुनै पनि कामहरू आफैं गर्न सिक्ने अभ्यास यस पाठ्यक्रमको उद्देश्य रहेको हुन्छ । यस पाठ्यक्रमबाट बालबालिकाहरू क्रियाशील रहने, विभिन्न इन्द्रियहरूको क्रियामा अभ्यस्त हुने, विभिन्न धारणाहरू निर्माण गरी ज्ञानात्मक विकास गर्ने कार्यमा लागेका हुन्छन् भनी विश्वास गरिन्छ । यस्ता कार्यहरूबाट बालबालिकाहरूमा शारीरिक र मानसिक विकास राम्रो हुने मानिन्छ । मन्टेश्वरी पाठ्यक्रम ५ वर्षको उमेरबाट सुरु हुन्छ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सिधा लाइनमा हिँड्ने, शारीरिक गति नियन्त्रण गर्ने, वस्तुलाई छोएर बताउन सक्ने, विभिन्न वस्तुको तौल, आकार पत्ता लगाउने, ठूला-साना, बाङ्गा-सिधा वस्तुहरू छुट्याउने, मिलाउने, भत्काउने गर्दछन् । यस पाठ्यक्रमले बालबालिकामा विभिन्न जिज्ञासाहरू उत्पन्न गराउने र सृजनात्मक कार्यहरू गर्ने काम गराउँछ । मूर्त-अमूर्त वस्तुहरूप्रतिको धारणा निर्माण गर्ने, इन्द्रियहरूलाई नियन्त्रण गर्नसक्ने अभ्यासको विकास हुन्छ भने विभिन्न शारीरिक र मानसिक विकासमा पनि तीव्रता आउँछ । शिष्टाचार र संयम व्यवहारको विकास हुन्छ । खेलहरूको माध्यमबाट व्याकरणको समेत ज्ञान दिने पाठ्यक्रम निर्माण गरेकी छिन् (शर्मा र अन्य, २०६५ बाट उद्धृत) ।

फ्रेडरिक फ्रोबेल (१८२७) का विचारमा बालबालिकाहरूको शिक्षा शैशव अवस्थामा नै सुरु हुनुपर्दछ । उनको पाठ्यक्रममा बालबालिकाहरू बाल क्रियाकलापहरू र खेललाई नै प्रमुख स्थान दिइएको छ । उक्त पाठ्यक्रम बालकेन्द्रित छ । जसका कारण विद्यालय प्रवेश गर्न सकोस् । उनको भनाइमा आत्मअनुभूति आदि कुराहरू समाजमा रहेर सामाजिकीकरणबाट सिक्ने कुरा हुन् । बालबालिकाहरूको पूर्ण विकासका लागि घर परिवार, स्कुल, धार्मिक संस्था र राज्यको आवश्यकता पर्दछ । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुँदैन । तिनीहरूका लागि बालबालिकाहरूसँग पनि घुलमिल हुनुपर्दछ । शिक्षा भन्नु नै आत्म क्रियाकलापद्वारा गरेर सिक्ने हो । फ्रोबेलको किन्डर गार्डन पद्धिति पनि गरेर सिक्ने र सिकाउने पद्धतिमा आधारित छ । यसबाट बालबालिकामा अन्तर्निहित शरीरको चाल, हाउभाउ, खेल, गीत, रङहरूको प्रयोग, कथाकथन आदि । यसरी विद्यालयमा विभिन्न

कार्यक्रमहरू सञ्चालन गर्ने फ्रोबेलले सात वटा उपहारको व्यवस्था गरे । यी सात उपहारहरू नै उनका शिक्षाका साधनहरू हुन् । यी साधनहरूको प्रयोग हातबाट छोएर, हेरेर, देखेर र मनले बुझेर आकार, प्रकृति, सतह, सङ्ख्या आदिको धारणा सिकाउन प्रयोग गरिन्छ । फ्रोबेलका अनुसार बालबालिकाहरूमा अन्तर्निहित र नैसर्गिक मानवीय गुणहरूको स्वच्छन्दपूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो (जोशी, २०५४) ।

दार्शनिक रुसो (१७२८) का अनुसार पहिलो ५ वर्षको उमेरमा शिशुहरूलाई किताबी ज्ञानले उनीहरूको स्वच्छ विचारलाई दुषित पार्दछ । यस कार्य बालबालिकाको विकासका लागि सहायक हुने खालको क्रियाकलापहरूमा लगाउनुपर्छ । यस उमेरमा बालबालिकाहरूमा ठीक र बेठीकको अवधारणा विकास भएको हुँदैन । त्यसकारण गल्ती गऱ्यो भने बालबालिकाहरूलाई पिटेर वा गाली गरेर सजाय दिनु हुँदैन । रुसोले यस उमेरका बालबालिकाहरूका लागि शारीरिक विकासमा अत्यधिक जोड दिएको पाइन्छ । कमजोर वा निर्बल बालबालिकाहरूलाई बलियो र सशक्त बनायो भने ऊ असल हुन्छ । त्यसैले यस उमेरका बालबालिकाहरूको शारीरिक तन्दुरुस्तीका लागि प्रसस्त अभ्यास गराउनुपर्छ । ५ वर्षमुनिका बालबालिकाहरूलाई सिकाउन शिक्षकले शिशुलाई माया गर्ने, स्वतन्त्रपूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, किताबी ज्ञान नदिने, प्राकृतिक वातावरणमा शिक्षा दिने, ज्ञानेन्द्रियहरूको स्वाभाविक विकास गराउने, कुट्ने, पिट्ने, गाली गर्ने, सजाय दिने, अवलोकन तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने, खेल्ने कुरालाई जोड दिइएको पाइन्छ (शर्मा, २०६५ बाट उद्धृत) ।

## २. ३. पुनरावलोकनको उपादेयता

कुनै पनि अनुसन्धानलाई अगाडि बढाउन सम्बन्धित साहित्य वा सिद्धान्तको अवलम्बन गर्नुपर्ने हुन्छ । जसका कारणले अनुसन्धानले दिशा पहिल्याउन सकोस् । अनुसन्धानबाट पत्ता लागेका कुराहरूलाई सम्बन्धित क्षेत्रमा सामान्यीकरण गर्न सकियोस् । यो शोध शीर्षक समुदाय तथा विद्यालय स्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था माथि उल्लेखित सिद्धान्तमा आधारित छ । सम्बन्धित सिद्धान्त वा साहित्यको अध्ययन गर्नुको उद्देश्य सम्बन्धित क्षेत्रलाई नियाल्नु हो ।

यस शोधमा पूर्वप्राथमिक विद्यालयको पाठ्यक्रम कार्यान्वयनको अवस्था र सम्बन्धित साहित्यहरूको अध्ययन गरिएको छ । जसका कारण पूर्वप्राथमिक विद्यालयको विकास कसरी भयो ? पाठ्यक्रमले केकस्ता कुरामा जोड दिएको छ ? शिक्षाविद्हरू, दार्शनिकहरू र अनुसन्धानर्ताहरू यस विषयमा के भन्छन् ? पाठ्यक्रमको कार्यान्वयनको अवस्था कस्तो छ ? विद्यालयमा भौतिक अवस्था कस्तो रहेको छ र शैक्षिक सामग्रीको अवस्था कस्तो रहेको छ, यस विषयमा विद्वान्हरूका के प्रस्तावनाहरू रहेका छन् ? यस विषयमा के कस्ता खोजी अनुसन्धानहरू भएका छन् ? पूर्वप्राथमिक विद्यालयको हालसम्मको विकास, यसमा देखिएका समस्याहरू, पत्ता लागेका कुराहरू, यसका उपलब्धिहरू केकस्ता रहेका छन् ? यस्ता पक्षलाई व्यवहारमा लागू गरिएको छ कि छैन आदि पक्षको जानकारी हासिल गरी आफ्नो शोध अगाडि बढाउन सहज हुनेछ । जसका लागि कुनै पनि अनुसन्धान गर्नका लागि एउटा आधार बनाउनुपर्ने हुन्छ । पूर्व गरिएका अनुसन्धानलाई आधार बनाएर त्यसको अनुरूपमा अर्को अनुसन्धान गर्दा त्यसले गर्न लागेका अनुसन्धानलाई सही बाटो, सही ठाउँमा कार्य गर्नका लागि मार्गनिर्देशन गर्दछ र अध्ययनका लागि सैद्धान्तिक ढाँचा निर्माण गर्न सहयोग गर्दछ । अध्ययनसँग सम्बन्धित विषयवस्तु खोज अनुसन्धान गर्नलाई सहयोग मिल्दछ र यसको आवश्यकता र महत्व छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

## ३. १. अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानात्मक कार्यका लागि तथ्याङ्कहरू विषयगत र वस्तुगत रूपमा सङ्कलन गरिनेछ । यस अध्ययनमा वस्तुगत र साङ्ख्यिक तथ्याङ्कका साथै वर्णनात्मक, व्याख्यात्मक रूपमा लिनका लागि गुणात्मक र परिमाणात्मक दुवै अपनाइएको छ । जसबाट सूचना सङ्कलन गर्दा विषयगत, व्याख्यात्मक, आनुभाविक गहन, सघन तथा वस्तुगत र साङ्ख्यिक सूचना लिइएको छ ।

## ३. २. नमुना छनोट विधि र आकार

यस अध्ययन अनुसन्धानका लागि झापा जिल्ला अन्तर्गत बैगुन्धुरा र महाभारा गा.वि.स.मा समुदाय र विद्यालयस्तरमा सञ्चालित पूर्वप्राथमिक कक्षाहरूमध्येबाट ३/३ वटा विद्यालय छनोट गरिनेछ । पूर्वप्राथमिक विद्यालयमा अध्यापन गराउने दुवैबाट शिक्षक/शिक्षिका प्रत्येकबाट १/१ जना गरी ३/३ जना, विद्यालय प्र.अ. १/१ जना गरी पूर्वप्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूका अभिभावकहरूका तर्फबाट ५/५ जना अभिभावक छनोट गरिएको छ ।

## ३. ३. नमुना छनोट विधि

यस अध्ययनको नमुना छनोटका लागि Purposive र Random Sampling विधिबाट देहाय अनुसारको नमुना छनोट गरिएको छ :

क) विद्यालय छनोट

झापा जिल्ला अन्तर्गत बैगुन्धुरा र महाभारामा सञ्चालित समुदाय र विद्यालयहरू मध्येबाट Purposive Sampling विधिबाट ३/३ वटा विद्यालय छनोट गरिएको छ ।

ख) प्रधानाध्यापकको छनोट

यस अनुसन्धानका लागि छनोटमा परेका प्रधानाध्यापकहरू स्वतः रूपमा परेका छन् ।

ग) शिक्षक/शिक्षिका छनोट

यस अनुसन्धानका छनोटमा परेका विद्यालयहरूबाट पूर्वप्राथमिक तहमा अध्यापनरत शिक्षक, शिक्षिकाहरूबाट ३/३ जना छनोट गरिएको छ ।

घ) अभिभावकको छनोट

यस अनुसन्धानका लागि छनोटमा परेका पूर्वप्राथमिक दुवैतर्फका अभिभावकहरूबाट Random Sampling विधिबाट ५/५ जना छनोट गरिएको छ ।

## ३. ४. नमुना छनोटको आधार

यस अनुसन्धानमा नमुना छनोटको आधारहरूमा ५० पूर्णाङ्कको आंशिक आवश्यकता परिपूर्तिका लागि आफ्नो सीमित श्रम, समय, खर्च र स्रोतको ख्याल गरी झापा जिल्ला अन्तर्गत सञ्चालित निजी र सरकारी विद्यालय अन्तर्गत पूर्वप्राथमिक कक्षाहरू र प्र.अ., शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावकलाई छनोटको आधार बनाइएको छ ।

## ३. ५. अनुसन्धानका साधनहरू

यस अनुसन्धानका लागि अनुसन्धानका साधनहरू निम्नअनुसार रहेका छन् :

क) अवलोकन

यस अनुसन्धानका लागि छनोटमा परेका पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनका लागि चाहिने सामग्री, भौतिक पक्ष र शैक्षिक सामग्री, शिक्षण रणनीति साथै कार्यान्वयनका पक्षहरू सामाजिक, बौद्धिक, शारीरिक, मानसिक, आर्थिक पक्ष सम्बन्धी फाराम बनाइ भरिएको छ ।

ख) असंरचित अन्तर्वार्ता

यस अनुसन्धानमा छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूबाट शिक्षक, शिक्षिका, प्र.अ., अभिभावकसँग प्रत्यक्ष रूपमा भेटघाट गरी अन्तर्वार्ताद्वारा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

ग) खुला प्रश्नावली

यस अनुसन्धानमा छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूबाट शिक्षक, शिक्षिका, प्र.अ., अभिभावकहरूसँग प्रत्यक्ष रूपमा भेटघाट गरी उनीहरूलाई भर्न लगाई प्राप्त गरेको प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

घ) अभिलेख अध्ययन

यस अनुसन्धानलाई पूर्णता दिन सम्बन्धित बालविकास केन्द्र तथा विद्यालयमा उपलब्ध विभिन्न अभिलेखहरूको समेत अध्ययन गरिएको छ ।

## ३. ६. साधनको वैधता

साधनको वैधता निर्धारण गर्ने क्रममा विषय शिक्षकको राय सुझाव, विशेषज्ञबाट जाँच गर्न लगाएर, लाइब्रेरीको अध्ययन, आफू तयार भएर, यसरी नै आफ्नो अनुसन्धान निर्देशकज्यूबाट राय, सल्लाह, सुझावको आधारमा साथीहरूमाझमा छलफल गरी उहाँको सल्लाहलाई मध्यनजर राख्दै पूर्वपरीक्षण गरेर, आफूले गरेको अनुसन्धानका साधनहरूको वैधानिकता प्रमाणित गरिएको छ ।

## ३. ७. अनुसन्धान तथ्याङ्कको स्रोत

कुनै पनि अनुसन्धानका लागि तथ्याङ्कको स्रोत अति नै आवश्यकता रहने भएको हुँदा यस अध्ययन अनुसन्धानका लागि यी स्रोतको उपयोग गरिएको छ :

क) प्राथमिक स्रोत

यस अनुसन्धानका लागि छनोटमा परेका प्र.अ., शिक्षक, शिक्षिका, अभिभावकहरूसँग प्रत्यक्ष रूपमा भेटी पूर्वप्राथमिक विद्यालयको कार्यान्वयन, समस्या, समाधानका उपाय, भौतिक सामग्री, शैक्षिक सामग्री, शिक्षण रणनीतिको अवलोकन, छलफल, प्रश्नउत्तर, सोधपुछ गरी तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

ख) द्वितीय स्रोत

यस अनुसन्धानमा आवश्यक हुने विभिन्न पत्रपत्रिका, विद्यालयसँग सम्बन्धित विभिन्न समयमा प्रकाशित पुस्तक, पूर्वप्राथमिक पाठ्यक्रमसँग सम्बन्धित विभिन्न पुस्तक, शोधपत्र, लेखरचना र अन्य यो अनुसन्धानमा सहयोग पुऱ्याउने पुस्तकहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३. ८. तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अनुसन्धानका लागि अवलोकन फारामबाट छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूको भौतिक, शैक्षिक सामग्री, शैक्षिक रणनीतिका सम्बन्धमा फाराम भरी तथ्याङ्क सङ्कलन गरिएको छ । असंरचित अन्तर्वार्ता र खुला प्रश्नावलीका माध्यमबाट पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयनको अवस्थासँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिनेछ । यसरी सङ्कलन गरिएको तथ्याङ्क स्वीकार्य र तथ्य रहेको विश्वास लिइएको छ ।

## ३. ९. तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अनुसन्धानमा शिक्षक, शिक्षिका, प्र.अ., अभिभावकबाट आएका जेजति सूचना छन्, ती सूचनाहरूलाई गुणात्मक तरिकाले विवरणात्मक, वर्णनात्मक, विषयगत साथै परिमाणात्मक अन्तर्गत तालिकीकरण, वस्तुगत रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । जसका आधारमा तथ्यपरक, यथार्थ, सघन अवस्थाको पहिचान गरिएको छ र सारांश, निष्कर्ष एवम् सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण

झापा जिल्लाको बैगुनधुरा र महाभारा गा.वि.स.का समुदायमा आधारित र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयबाट नमुना छनोटमा परेका समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको पाठ्यक्रमको कार्यान्वयन अन्तर्गत बालबालिकाहरूको सामाजिक, शारीरिक, बौद्धिक, संवेगात्मक पक्ष र कार्यान्वयनमा सहयोग पुऱ्याउने, भौतिक र शैक्षिक सामग्रीहरूको वर्तमान स्थिति, समस्या र समाधानका उपायलाई देहायका शीर्षकहरूमा आधारित रही प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ।

## ४. १. पाठ्यक्रम कार्यान्वयनको वर्तमान अवस्था

समुदायमा आधारित तथा विद्यालयमा आधारित छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूको वर्तमान पाठ्यक्रमको कार्यान्वयन अवस्थाको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण निम्नअनुसार छ।

### ४. ४. १. सामाजिक विकासका लागि पूर्वप्राथमिक विद्यालयमा गरिने क्रियाकलापहरू

बालबालिकाहरू एकआपसमा घुलमिल र एकअर्कामा माया, स्नेहसाथ एकले अर्काको काममा सहयोग गर्ने, आफूभन्दा सानालाई माया गर्ने, आफूभन्दा ठूलालाई आदर गर्ने, समूहमा समायोजन हुनसक्ने पक्षको विकास नै सामाजिक गुणको विकास हो।

समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका लागि निर्माण गरिएका पाठ्यक्रम कार्यान्वयनका लागि बालबालिकाको सामाजिक पक्षको विकासका लागि नमुना छनोटमा परेका विद्यालयहरूले निम्न क्रियाकलाप गराएको पाइयो।

तालिका १ : सामाजिक पक्षको विकासका लागि गरिएका क्रियाकलाप


| क्र.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | लाइन लाग्ने अभ्यास | १ | २ |
| २ | गीत, कविता | ३ | ३ |
| ३ | हात-मुख धुने अभ्यास | - | १ |
| ४ | अभिभावदन गर्ने अभ्यास | ३ | ३ |
| ५ | समूह विभाजन | २ | २ |
| | जम्मा | ९ | ११ |

स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लिखित तालिका अनुसार समुदायमा आधारित एक वटा पूर्वप्राथमिक विद्यालयमा लाइन लगाई प्रार्थना गर्ने र पालैपालो कक्षाकोठाभित्र पस्न लगाएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा २ वटामा लाइन लगाउने, प्रार्थना गर्ने र पालैपालो कक्षाकोठाभित्र पस्न लगाएको पाइयो । दुई वटा समुदायमा आधारित र एक वटा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा पाइएन । दुवै विद्यालयमा शिक्षिकाहरूले सामाजिक पक्षको विकासका लागि गीत, कविता सुनाउने, बालबालिकाहरूलाई कविता भन्न लगाउने गरेको पाइयो । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा शौचालय उचित नरहेका कारण विद्यार्थीहरूलाई हातमुख धुने अभ्यास गराएको पाइएन भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा एक वटा विद्यालयले मात्र हातमुख धुने, एकले अर्कालाई साबुन लगाएपछि पानी हालिदिने र खानेकुरा धोएर खाने भन्ने कुरा सिकाएको पाइयो । दुवै पूर्वप्राथमिक विद्यालयमा बालबालिकाहरूलाई आफूभन्दा सानालाई माया गर्न र आफूभन्दा ठूलालाई अभिवादन गर्न सिकाएको पाइयो । समुदायमा आधारित २ वटा पूर्वप्राथमिक विद्यालयमा बालबालिकाहरूलाई समूह समूहमा विभाजन गरी एक सममूहकाले अर्को समूहकाको खेलौनाहरू एकआपसमा पालैपालो साटासाट गरी खेलको माध्यमबाट समूह समूहमा मिलनसार भई एकअर्कालाई सहयोग गरेको पाइयो ।

उपर्युक्त तालिकाको तथ्याङ्कलाई निम्न अनुसार स्तम्भचित्रमा समेत प्रस्तुत गरिएको छ :

चित्र १ : सामाजिक पक्षको विकासका लागि गरिएका क्रियाकलाप




विद्यालयमा आधारित २ वटा विद्यालयहरूमा बालबालिकाहरूलाई समूह समूहमा विभाजन गरी खेल, विभिन्न गीत भन्न, खेल खेल्न लगाएको पाइयो ।

नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूमा सामाजिक पक्षको विकासका लागि यी माथि उल्लेखित क्रियाकलापहरू गराउनका लागि विधिहरू निम्न अनुसार रहेको पाइयो :

तालिका २ : सामाजिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा प्रयोग हुने विधिहरू

| क.सं | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | प्रवचन विधि | ३ | ३ |
| २ | छलफल विधि | २ | ३ |
| ३ | प्रदर्शन विधि | ० | ० |
| ४ | खेल विधि | ३ | ३ |
| ५ | रोल प्ले विधि | ० | ० |
| | जम्मा | ८ | ९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदायमा र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा सामाजिक पक्षको विकास गराउनका लागि बालबालिकाहरूलाई कुनै पनि विषयवस्तु सिकाउनका लागि दुवै विद्यालयमा मुख्य रूपमा प्रवचन विधि प्रयोग गरिएको पाइयो भने समुदायमा आधारित दुई वटा विद्यालयमा छलफल विधि र विद्यालयमा आधारित तीन वटा विद्यालयमा छलफल विधिको प्रयोग गरिएको पाइयो । यसरी नै दुवै प्रकारका विद्यालमया खेल विधि प्रयोग गरेको पाइयो भने प्रदर्शन विधि र रोल प्ले विधि प्रयोग नभएको पाइयो ।

बालबालिकाहरूलाई सामाजिक पक्षको विकास गराउनका लागि समाजमा घट्ने उनीहरको स्तर अनुसारका घटनाहरू रोल प्ले विधिबाट र विभिन्न घटनाहरूलाई पम्प्लेट, पोस्टर, प्रदर्शन गरी सिकाउन सके अझ राम्रो हुने थियो ।

बालबालिकाहरू स्वभावले नै बढी जिज्ञासु र उत्सुकता राख्ने स्वभावका हुन्छन् । सामाजिक पक्षको विकास गराउनका लागि नाटकीकरण, अभिनय विधि, प्रदर्शन विधि, विभिन्न घटनाहरू प्रस्तुत गरी ती घटनाहरूमा सबैले मिलेर सहयोग गरेको जस्ता क्रियाकलापहरू गराए पाठ्यक्रम कार्यान्वयन बढी राम्रो र प्रभावकारी हुने थियो ।

### ४. १. २. शारीरिक पक्षको विकास

शारीरिक विकास भन्नाले शरीरका सूक्ष्म तथा स्थुल अङ्गहरूलाई सन्तुलन गरी समन्वयात्मक ढङ्गले सञ्चालन गर्न सक्नु हो । शरीरका विभिन्न अङ्गहरूलाई सञ्चालन गरी विभिन्न क्रियाकलाप गर्न सक्नु नै शारीरिक विकास हो । समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका लागि निर्माण गरिएको पाठ्यक्रमको कार्यान्वयनका लागि बालबालिकाको शारीरिक विकासको अवस्थालाई नमुना छनोटमा परेका विद्यालयमा गरिने क्रियाकलापको अवस्था निम्नअनुसारको अवस्थामा रहेको पाइयो :

तालिका ३ : शारीरिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा गरिने क्रियाकलाप

| क्र.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | पिटीको अभ्यास | १ | २ |
| २ | रेखामा हिँड्ने अभ्यास | २ | २ |
| ३ | भऱ्याङ चढ्ने ओर्लने अभ्यास | - | १ |
| ४ | भकुन्डो खेल्ने अभ्यास | २ | ३ |
| ५ | डोरी नाघी अभ्यास | २ | २ |
| ६ | नाच्ने अभ्यास | ३ | ३ |
| ७ | कुद्ने अभ्यास | १ | २ |
| | जम्मा | ११ | १५ |

स्थलगत सर्वेक्षण, २०६८


माथि उल्लेखित तालिका समुदायमा आधारित एक पूर्वप्राथमिक विद्यालयमा शारीरिक विकासका लागि पिटी खेलाउने, सिटीका माध्यमबाट बालबालिकाहरूलाई हातखुट्टा चलाउन, हल्लाउन, तन्काउन सिकाएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका २ वटा विद्यालयमा बालबालिकाहरूलाई शारीरिक विकासका लागि पिटी खेलाउने गरेको पाइयो । दुई वटा समुदाय र विद्यालयमा आधारित दुवै विद्यालयमा बालबालिकाहरूलाई बाङ्गोटिङ्गो र सिधा रेखामा हिँड्न सिकाएको पाइयो भने विद्यालयमा आधारित एक पूर्वप्राथमिक विद्यालयमा मात्र भऱ्याङ चढ्ने ओर्लने अभ्यास गराएको पाइयो । समुदायमा आधारित २ वटा पूर्वप्राथमिक विद्यालयहरूमा बालबालिकाहरूलाई भकुन्डो खेल्न सिकाएको, भकुन्डोका माध्यमबाट फ्याँक्न, समाउन सिकाएको पाइयो । विद्यालयमा आधारित ३ वटा पूर्वप्राथमिक विद्यालयहरूमा बालबालिकाहरूलाई शारीरिक विकासका लागि भकुन्डो खेलाएको पाइयो ।

समुदाय र विद्यालयमा आधारित दुई वटा विद्यालयहरूमा मात्र बालबालिकाको शारीरिक विकासका लागि डोरी नाघी खेल खेलाएको पाइयो भने नमुना छनोटमा परेका ३/३ वटै विद्यालयमा नाच्ने सीपको विकास गराएको पाइयो । शिक्षिकाहरूले मादल बजाइदिने, मादलको तालमा बालबालिकाहरू नाचेको पनि पाइयो । नाच्दा बालबालिकाहरू आफूलाई मन परेको गीत शिक्षिकालाई गाउन आग्रह गरेको र गीत, मादलको तालमा नाचेको अवस्था पाइयो भने केही बालबालिकाहरू पुतली हातमा राखेर पुतलीलाई नचाउँदै आफू पनि नाच्दै गरेको अवस्था पाइयो । समुदायमा आधारित एक वटा विद्यालयमा कुद्ने अभ्यास गराएको पाइयो भने विद्यालयमा आधारित २ वटा विद्यालयमा कुद्ने अभ्यास गराएको पाइयो ।

समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा बालबालिकाहरूलाई शारीरिक पक्षको विकास गराउने खालका खेलहरू पर्याप्त मात्रामा नगराएको पाइयो । खेल खेलाउनका लागि चौरको पनि अभाव रहेको देखिन्छ । यी पक्षको उपलब्ध गराएमा पाठ्यक्रमले राखेको उपलब्धि हासिल गर्न र पाठ्यक्रमको कार्यान्वयन गर्न सजिलो पर्ने थियो ।

उल्लेखित तथ्याङ्कलाई निम्न अनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र २ : शारीरिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा गरिने क्रियाकलाप




नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूमा शारीरिक पक्षको विकासका लागि यी माथि उल्लेखित क्रियाकलापहरू गराउनका लागि विधिहरू निम्न अनुसार रहेको पाइयो :

तालिका ४ : शारीरिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा प्रयोग हुने विधिहरू

| क.सं | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | खेल विधि | ३ | ३ |
| २ | भूमिका निर्वाह विधि | ० | ० |
| ३ | अभिनय विधि | ३ | ३ |
| ४ | नक्कल विधि | २ | १ |
| | जम्मा | ८ | ७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदायमा र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा शारीरिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका पूर्वप्राथमिक विद्यालयहरूमा खेल विधि नै प्रयोग गरिएको पाइयो । यसरी नै कुनै कुरा सिकाउनका लागि समुदायमा आधारित दुई वटा पूर्वप्राथमिक विद्यालयहरूमा नक्कल विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा एक वटामा मात्र यो विधिको प्रयोग गरिएको पाइयो भने दुवै प्रकारका विद्यालयमालाई नाच देखाइ त्यस्तै नाच्ने विभिन्न अभिनय गरी त्यसै गर्न सिकाउन अभिनय विधि प्रयोग गरिएको थियो ।

बालबालिकाहरूलाई उनीहरूको इच्छा अनुसारका विभिन्न खेलहरू खेल्न दिई खेलका अन्य तरिका पनि अपनाएमा बालबालिकाहरूको सिकाइ झन् छिटो हुने थियो र पाठ्यक्रम कार्यान्वयन सही ढंगबाट हुने थियो ।

४. १. ३. बौद्धिक पक्षको विकास

समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका लागि निर्माण गरिएका पाठ्यक्रमको कार्यान्वयनका लागि बालबालिकामा हुने बौद्धिक विकासका लागि गरिने क्रियाकलापहरू नमुना छनोटमा परेका विद्यालयका अवस्थालाई निम्नअनुसारको अवस्था रहेको पाइयो ।

तालिका ५ : बौद्धिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा गरिने क्रियाकलापहरू

| क.सं. | शीर्षक | समुदायमा आधारित पू.प्रा.वि. | विद्यालयमा आधारित पू.प्रा.वि. |
|---|---|---|---|
| १ | ज्ञानेन्द्रियको प्रशिक्षण | २ | ३ |
| २ | वर्ण अभ्यास | ३ | ३ |
| ३ | सङ्ख्या र गणितीय अभ्यास | ३ | ३ |
| ४ | घडी हेर्ने अभ्यास | १ | २ |
| ५ | गन्ती गर्ने अभ्यास | ३ | ३ |
| | जम्मा | १२ | १४ |

स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा बौद्धिक पक्षको विकासका लागि बालबालिकाहरूका ज्ञानेन्द्रियहरूलाई प्रशिक्षण गराई रङ, आकार, साइज, स्वाद, ध्वनि, गन्ध र स्पर्श सम्बन्धी अवधारणा विकास गराउने गरेको पाइयो । नमुना छनोटमा परेका दुवै पूर्वप्राथमिक विद्यालयमा बालबालिकाहरूलाई वर्णको अभ्यास गराउनका लागि अक्षरपत्ती कालोपटीमा अक्षर लेखेर उनीहरूलाई सिकाउने गरेको पाइयो । बालबालिकाहरूलाई सङ्ख्या र गणितीय अभ्यास गराउनका लागि अङ्क चिनाउने, अङ्कपत्ती देखाउने, गुच्चाहरू विभिन्न भाग लगाउने, त्यसबाट झिक्ने अनि गन्न लगाउने, थप्ने अनि फेरि गन्न लगाउने गरेको पाइयो ।

समुदायमा आधारित एक पूर्वप्राथमिक विद्यालयमा बालबालिकाहरूलाई समय र अङ्क सम्बन्धी ज्ञान दिलाउनका लागि घडी हेर्ने अभ्यास गराएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा समय र अङ्क सम्बन्धी ज्ञान दिलाउनका लागि २ वटा विद्यालयमा घडी हेर्ने अभ्यास गराएको पाइयो । बालबालिकालाई गन्ती गर्ने अभ्यास गराउनका लागि एक ठाउँमा गुच्चा, खरी, डटपेन र आफ्नो र साथीहरूको हातका औँलाहरू गन्न लगाएको पाइयो ।

बालबालिकाको बौद्धिक पक्षको विकास गर्न बालबालिकाहरूलाई विभिन्न रङका साइन पेन, रङका प्रकार, गोला, चेप्टा, लामा, क्रमभङ्ग गरेर मिलाउने जस्ता सामग्रीहरू उपलब्ध गराउँदा पूर्वप्राथमिक विद्यालयको पाठ्यक्रमको कार्यान्वयन सजिलै हुने थियो ।

नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूमा बौद्धिक पक्षको विकासका लागि माथि उल्लेखित क्रियाकलापहरू गराउनका लागि विधिहरू निम्न अनुसार रहेको पाइयो :

तालिका ६ : बौद्धिक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा प्रयोग हुने विधिहरू

| क्र.सं | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | प्रवचन विधि | ३ | ३ |
| २ | छलफल विधि | १ | १ |
| ३ | प्रश्नोत्तर विधि | ३ | ३ |
| ४ | प्रयोगात्मक विधि | २ | ३ |
| ५ | सोधपुछ विधि | १ | २ |
|  | जम्मा | १० | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा बौद्धिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका विद्यालयमा प्रवचन विधिको प्रयोग गरिएको पाइयो । छलफल विधिको प्रयोग समुदायमा आधारित एक विद्यालयमा र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा पनि एकमा मात्र प्रयोग गरिएको छ । यसरी नै प्रश्नोत्तर विधि दुवै विद्यालयमा प्रयोग गरिएको पाइयो । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा दुई वटा विद्यालयमा प्रयोगात्मक विधिको प्रयो गरिएको पाइयो भने विद्यालयमा आधारित ३ वटै विद्यालयमा प्रयोग गरिउको पाइयो । सोधपुछ विधि समुदायमा आधारित एक वटा विद्यालयमा मात्र सोधपुछ विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा दुई वटा विद्यालयमा सोधपुछ विधिको प्रयोग गरिएको पाइयो ।

बौद्धिक विकासका लागि अझ बढी मात्रामा प्रयोगात्मक विधि, सोधपुछ विधि, छलफल विधिको प्रयोग गर्न सके पाठ्यक्रमको कार्यान्वयन र यसले राखेको लक्ष्य अनि बालबालिकाहरूको बौद्धिक विकास उचित तवरबाट हुने थियो ।

### ४. १. ४. संवेगात्मक पक्षको विकास

समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका लागि निर्माण गरिएको पाठ्यक्रम कार्यान्वयनका लागि बालबालिकाको संवेगात्मक पक्षको विकासका लागि नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयमा गरिने क्रियाकलापको अवस्था निम्नअनुसारको पाइयो ।

तालिका ७ : संवेगात्मक पक्षको विकासका लागि गरिने क्रियाकलापहरू

| क.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | माया, स्नेह, प्रेम गर्ने अभ्यास | ३ | २ |
| २ | संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक प्रस्तुती | १ | १ |
| ३ | चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया लिने | ० | ० |
| ४ | प्रशंसा तथा पुरस्कार प्रदान गर्ने | २ | १ |
| ५ | आफूलाई लागेका कुरा व्यक्त गर्ने | २ | २ |
| | जम्मा | ८ | ६ |

स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयका ३ वटै विद्यालयमा बालबालिकाहरूलाई माया, स्नेह, प्रेम गर्ने अभ्यासहरू गराएको पाइयो भने विद्यालयमा आधारित २ वटा पूर्वप्राथमिक विद्यालयमा मात्र बालबालिकालाई माया, स्नेह, प्रेम गर्ने अभ्यास गराएको पाइयो । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयको एक वटा विद्यालयमा मात्र संवेगात्मक भाव व्यक्त हुने संवेगहरू डर, रिस, इर्ष्या, उत्सुकता, डाहा, हर्ष, दुःख र स्नेह पक्षको विकासका लागि संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक प्रस्तुत गरेको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय एकमा मात्र संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक प्रस्तुत गरेको पाइयो । समुदाय र विद्यालय दुवै प्रकारका पूर्वप्राथमिक विद्यालयहरूमा चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया लिने गरेको पाइएन ।

समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा बालबालिकाहरूलाई विभिन्न कार्य गरेवापत उनीहरूले खेलेको खेल हेरी अक्षर चिनेको आधारमा प्रशंसा तथा पुरस्कार प्रदान गर्ने गरेको पाइयो भने विद्यालयमा आधारित १ वटा पूर्वप्राथमिक विद्यालयमा मात्र बालबालिकाहरूले गरेका कार्यलाई प्रशंसा तथा पुरस्कार प्रदान गर्ने गरेको पाइयो ।

यसरी नै नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूका २/२ वटा विद्यालयमा बालबालिकाहरूलाई मनमा लागेका कुराहरू आफूले जानेका कथा, गीत भन्न लगाएको पाइयो ।

साना बालबालिकाहरूलाई अझ बढी माया, स्नेह गरी कथा र खेलको माध्यमबाट संवेगात्मक पक्षको विकास गराउन सके पाठ्यक्रमले राखेको लक्ष्य र पाठ्यक्रम कार्यान्वयन सही ढङ्गबाट हुने थियो ।

नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूमा संवेगात्मक पक्षको विकासका लागि यी माथि उल्लेखित क्रियाकलापहरू गराउनका लागि विधिहरू निम्न अनुसार रहेको पाइयो :

तालिका ८ : संवेगात्मक पक्षको विकासका लागि पूर्वप्राथमिक विद्यालयमा प्रयोग हुने विधिहरू

| क.सं | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | प्रवचन विधि | ३ | ३ |
| २ | कथाकथन विधि | १ | २ |
| ३ | छलफल विधि | २ | १ |
| ४ | सोधपुछ विधि | १ | १ |
| ५ | नाटकीकरण विधि | १ | १ |
| ६ | अभिनय विधि | २ | २ |
| | जम्मा | १० | १० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदायमा र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा संवेगात्मक पक्षको विकास गराउनका लागि दुवै पूर्वप्राथमिक विद्यालयहरूमा प्रवचन विधि नै प्रयोग गरिएको पाइयो । समुदायमा आधारित विद्यालय एकमा कथाकथन विधि, दुई वटामा छलफल विधि, एक वटामा सोधपुछ विधि, एकमा नाटकीकरण विधि र २ मा अभिनय विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा कथाकथन विधि दुईमा, छलफल विधि एकमा, सोधपुछ विधि एकमा, नाटकीकरण विधि एकमा र अभिनय विधि दुईमा गराएको पाइयो ।

बालबालिकाहरूलाई संवेगात्मक भाव व्यक्त हुने खालका कुराहरू अझ बढी मात्रामा सिकाउन सके पाठ्यक्रमले राखेका लक्ष्य, उद्देश्य र पाठ्यक्रम कार्यान्वयन सही समयमा सही तरिकाबाट सफल हुने थियो ।

## ४. २. पूर्वप्राथमिक विद्यालयको भौतिक अवस्था

पूर्वप्राथमिक विद्यालयको भौतिक अवस्थाको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूको भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरी प्राप्त तथ्याङ्कका आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ४. २. १. भवन तथा कक्षाकोठा

समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको भवन तथा कक्षाकोठाको अवस्था निम्नअनुसारको अवस्था रहेको पाइयो ।

तालिका ९ : भवन तथा कक्षाकोठाको अवस्था

| क्र.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय | |
|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | कच्ची | पक्की |
| १ | भवन | ३ | ० | ० | ३ |
| २ | कक्षाकोठा | ३ | ० | ० | ३ |
| ३ | सजावट | ० | ० | ० | १ |
| ४ | वालपेन्ट | ० | ० | ० | १ |
| जम्मा | | ६ | ० | ० | ८ |

स्थलगत सर्वेक्षण, २०६८

तालिका ५ अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको कच्ची ३ वटा भवन रहेको र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको ३ वटा पक्की भवनमा रहेको पाइयो भने समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको ३ वटा कक्षाकोठा कच्ची रहेको र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको ३ पटा पक्की कक्षाकोठाहरू रहेको पाइयो । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयको कक्षाकोठाको सजावट नरहेको र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयको कक्षाकोठामा मात्र सजावट गरिएको पाइयो भने समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय वालपेन्ट नगरेको र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा मात्र वालपेन्ट गरेको पाइयो ।

### ४. २. २. फर्निचर

यस अध्ययनमा छनोट गरिएका पूर्वप्राथमिक विद्यालयको फर्निचरको अवस्थालाई अध्ययन गर्दा समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा बाकस, झ्याल, ढोका, छेस्किनी, छानाको अवस्था, ऱ्याक, टेबल, दराज, ससाना बेन्च, मेच, टेबल, गुन्द्री, कार्पेट, गलैंचा नरहेको र विद्यार्थीहरू बस्नका लागि सामान्य पिरा र गुन्द्रीको मात्र व्यवस्था रहेको र भुइँ पनि प्लस्टर नगरिएको अवस्था रहेको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा झ्याल, ढोका, छेस्किनी, छानाको अवस्था, ऱ्याक, टेबल, दराज, ससाना बेन्च, टेबल आदि व्यवस्था भएको पाइयो ।

### ४. २. ३. खेल मैदान

समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको खेल मैदानको अवस्था निम्न अनुसारको अवस्था रहेको पाइयो ।

तालिका १० : खेल मैदानको अवस्था

| क्र.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय |
|---|---|---|---|
| १ | चौर | ० | ३ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।*

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयको खेल मैदान नरहेको र विद्यालयमा आधारित ३ वटा पूर्वप्राथमिक विद्यालयहरूको चौर रहेको अवस्था पाइयो । बालबालिकाहरूलाई आवश्यक ज्ञान, सीप प्रदान गर्ने प्रमुख विधिका रूपमा

खेललाई प्राथमिकता दिएको पाइन्छ । खेलको माध्यमबाट बालबालिकाहरूले धेरै कुरा सिक्ने गर्दछन् । खेल मैदान नहुँदा साना बालबालिकाहरूले आफ्नो इच्छाले खेल्न र स्वेच्छिक क्रियाकलाप गर्ने अवसर नपाएको देखियो, जसले गर्दा पाठ्यक्रम कार्यान्वयन गर्न बाधा पुगेको देखियो ।

४. २. ४. शौचालय

नमुना छनोटमा परेका समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको शौचालयको अवस्था निम्नअनुसारको अवस्था रहेको पाइयो ।

तालिका ११ : शौचालयको अवस्था

| क.सं. | शीर्षक | समुदायमा आधारित पू. प्रा.वि. | | | विद्यालयमा आधारित पू. प्रा.वि. | | |
|---|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | पानीको व्यवस्था | कच्ची | पक्की | पानीको व्यवस्था |
| १ | चर्पी | २ | ० | ० | ० | ३ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयका २ वटा मात्र कच्ची चर्पी रहेको, पानीको व्यवस्था नरहेको र विद्यालयमा आधारित ३ वटा पूर्व प्राथमिक विद्यालयमा चर्पीको व्यवस्था रहेको र एक वटा मात्र पानीको व्यवस्था गरेको पाइयो ।

४. २. ५. पिउने पानी

नमुना छनोटमा परेका समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको पिउने पानीको व्यवस्था निम्न अनुसारको अवस्था रहेको पाइयो ।

तालिका १२ : पिउने पानीको अवस्था

| क.सं. | शीर्षक | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय | |
|---|---|---|---|---|---|
| | | कल | फिल्टर | कल | फिल्टर |
| १ | पिउने पानी | १ | ० | ३ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमध्ये १ वटामा खानेपानीका लागि कलको व्यवस्था रहेको र कुनै पनि पूर्वप्राथमिक विद्यालयमा फिल्टरको व्यवस्था नरहेको अवस्था पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक

विद्यालयमा खानेपानीका लागि ३ वटामा कलको व्यवस्था रहेको र एक वटामा मात्र फिल्टरको व्यवस्था रहेको पाइयो ।

पूर्वप्राथमिक शिक्षाको लक्ष्य र पाठ्यक्रमको कार्यान्वयन सही रूपमा गर्न मन्टेस्वरी शिक्षाको सिद्धान्त अनुसार विद्यालयको भौतिक पक्ष, पूर्वाधार, भवन तथा कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय, पिउने पानी आवश्यकता अनुसार हुनुपर्दछ । तर छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरू अन्तर्गत समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा भवन तथा कक्षाकोठाको ज्यादै नै दयनीय अवस्था रहेको पाइयो । बालबालिकाहरूलाई खेलको माध्यमबाट उनीहरूलाई सिकाइ छिटो दिगो हुन्छ तर समुदायमा आधारित विद्यालयहरूमा खेलमैदान नरहेको अवस्था पाइयो । यसरी छनोटमा परेका भौतिक पक्षले पाठ्यक्रम कार्यान्वयनमा ठूलो समस्या देखा परिरहेको अवस्था छ । त्यसकारण पाठ्यक्रमको सही रूपमा कार्यान्वयन गर्नका लागि भौतिक पूर्वाधारहरूको उचित प्रबन्ध मिलाउनुपर्ने देखिन्छ ।

४. २. ६. पूर्वप्राथमिक कोठाहरूमा उपलब्ध बालसिकाइ सामग्रीहरू

बालबालिकाहरूको सिकाइमा अत्यन्तै प्रभावकारी भूमिका खेल्ने तत्व भनेको शैक्षिक सामग्रहरू हुन् । जसले पाठ्यक्रमको कार्यान्वयन गर्नमा अत्यन्तै सहयोग पुऱ्याउँछन् । जसका कारण पाठ्यक्रमले राखेको लक्ष्य सजिलैसँग पुग्न सहज हुन्छ । शिक्षाविद् कोवु ( १९६८) को एक अनुसन्धान अनुसार १००% सिकाइमध्ये १% स्वाद लिएर, १.५% छोएर, ३.५% सुँघेर, ११% सुनेर र ८३% देखेर सिकाइ हुन्छ । शैक्षिक सामग्रीहरू देखाएर शिक्षण गर्दा बढी सिकाइ हुने तथ्य उक्त निष्कर्षले देखाउँछ । पूर्वप्राथमिक कक्षाकोठा व्यवस्थापनका सन्दर्भमा पनि बाल सिकाइ सामग्रीहरू पर्याप्त र उचित व्यवस्थापन कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्ष हो ।

पूर्वप्राथमिक विद्यालयका कक्षाकोठामा अवलोकन र प्रश्नावली मार्फत विभिन्न पक्षहरूबाट प्राप्त प्रतिक्रियाका आधारमा नमुना छनोटमा परेका पूर्वप्राथमिक कक्षाकोठामा उपलब्ध बाल सिकाइ सामग्रीहरू समग्रमा ४ आधारबाट वर्गीकरण गरी निम्नअनुसारको अवस्था रहेको पाइयो ।

तालिका : १३ : पूर्वप्राथमिक कक्षाकोठामा उपलब्ध बालसिकाइ सामग्रीहरूको विवरण

| क्र. सं. | सामग्रीको किसिम | समुदायमा आधारित पूर्वप्राथमिक विद्यालय | | विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालय | |
|---|---|---|---|---|---|
| | | आइटम | प्रतिशत | आइटम | प्रतिशत |
| १ | श्रव्य सामग्री | ० | ० | १ | |
| २ | दृश्य सामग्री | ३० | | ३४ | |
| ३ | श्रव्य दृश्य सामग्री | ० | ० | ० | ० |
| ४ | मुद्रित सामग्री | २ | | ३ | |
| | जम्मा | ३२ | | ३८ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।


माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा कुनैमा पनि श्रव्य सामग्री नरहेको, दृश्य सामग्री ३० आइटम रहेको, श्रव्य दृश्य सामग्रीहरू नरहेको र मुद्रित सामग्री २ वटा आइटम रहेको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा श्रव्य सामग्री १ वटा विद्यालयमा, दृश्य सामग्री ३ वटै विद्यालयमा ३४ आइटम, श्रव्य दृश्य सामग्री नरहेको र मुद्रित सामग्री ३ वटा रहेको पाइयो ।

३ देखि ५ वर्षसम्मका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि पूर्वप्राथमिक विद्यालयको कक्षाकोठाभित्र पर्याप्त मात्रामा बाल सिकाइ सामग्रीहरू हुनु आवश्यक छ ।

मन्टेश्वरी (१९०७) को शैक्षिक अवधारणा अनुसार बालकहरूलाई इन्द्रीय प्रशिक्षण क्रियात्मक शिक्षा प्रदान गर्न तथा खेल, गीत र प्रयोगात्मक तरिकाले स्वतन्त्र वातावरणमा स्वसिकाइ गर्न दृश्य सामग्रीहरू मात्र पर्याप्त हुँदैन । सबै किसिमका सिकाइ सामग्रीहरू बालशिक्षाका कक्षाकोठामा व्यवस्थापन गरिनु पर्दछ । शैक्षिक सामग्रीहरू आकर्षक, टिकाउ, विविधतायुक्त र बढीभन्दा बढी बालबालिकाहरूले खेलाउन, स्पर्श गर्न वा अनुभव लिन पाउने पहुँचमा हुनु पर्दछ, जसका कारण पाठ्यक्रमले राखेको लक्ष्य सही रूपमा पाठ्यक्रमको कार्यान्वयन गर्न सकिने थियो ।

माथि तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कलाई निम्नअनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र ३ : पूर्वप्राथमिक कक्षाकोठामा उपलब्ध बालसिकाइ सामग्रीहरूको विवरण




बाल सिकाइ सामग्रीहरूको प्रकृति, कार्य प्रयोजन वा प्रयोजनका दृष्टिकोणबाट पनि विभिन्न आठ शीर्षकहरूमा विभाजन गरी तुलना गरिएको छ । जुन नमुना छनोटमा परेका विद्यालयको अवस्था निम्न अनुसार रहेको पाइयो :

तालिका १४ : कार्यप्रयोजन अनुसार बाल सिकाइ सामग्रीहरूको परिमाणात्मक स्थिति

| क्र.सं. | शीर्षक | समुदायमा आधारित पूर्व प्रा. विद्यालय | विद्यालयमा आधारित पूर्व प्रा. विद्यालय |
|---|---|---|---|
| १ | खेल सामग्रीहरू | ३ | ४ |
| २ | गीत, संगीत सम्बन्धी सामग्रीहरू | २ | ३ |
| ३ | स्वास्थ्य र शारीरिक सीप सम्बन्धी सामग्रीहरू | २ | ४ |
| ४ | कला र विज्ञान सम्बन्धी सामग्रीहरू | ६ | ६ |
| ५ | व्यावहारिक र सामाजिक सीप सम्बन्धी सामग्रीहरू | २ | ५ |
| ६ | गणितीय सामग्री सम्बन्धी सामग्रीहरू | ७ | ४ |
| ७ | भाषिक विकास सम्बन्धी सामग्रीहरू | ५ | ६ |
| ८ | प्रदर्शन सम्बन्धी सीप विकासका सामग्रीहरू | १ | १ |
| | जम्मा | २८ | ३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा कार्यप्रयोजनका आधारमा बाल सिकाइ सामग्रीहरू खेल सामग्रीहरू ३, गीत संगीत सम्बन्धी सामग्रीहरू २, स्वास्थ्य र शारीरिक सीप सम्बन्धी सामग्री २, कला र विज्ञान सम्बन्धी सामग्री

६, व्यावहारिक र सामाजिक सीप सम्बन्धी सामग्री २, गणितीय ज्ञान सम्बन्धी सामग्रीहरू ७, भाषिक विकास सम्बन्धी सामग्रीहरू ५, प्रदर्शन सम्बन्धी सामग्रीहरू १ रहेको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा खेल सामग्रीहरू ४, गीत संगीत सम्बन्धी सामग्रीहरू ३, स्वास्थ्य र शारीरिक सीप सम्बन्धी सामग्रीहरू ४, कला र विज्ञान सम्बन्धी सामग्रीहरू ६, व्यावहारिक र सामाजिक सीप सम्बन्धी सामग्रीहरू ५, गणितीय ज्ञान सम्बन्धी सामग्रीहरू ४, भाषिक विकास सम्बन्धी सामग्रीहरू ६, प्रदर्शन सम्बन्धी सीप विकासका सामग्रीहरू १ रहेको पाइयो । यस्ता सामग्रीहरू समुदायमा आधारित र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध गराएमा पाठ्यक्रमले राखेको लक्ष्य कार्यान्वयन गर्न ज्यादै सजिलो हुने थियो ।

पूर्वप्राथमिक विद्यालयको पाठ्यक्रम कार्यान्वयन उचित तवरबाट मन्टेस्वरी फ्रेडरिक फ्रोब्रेलको शिक्षा सिद्धान्त अनुसार हुनका लागि विद्यालयमा विद्यार्थी संख्याका आधरमा आवश्यक शैक्षिक सामग्रीहरू श्रव्य सामग्री, दृश्य सामग्री, श्रव्य-दृश्य सामग्री, मुद्रित सामग्री, कार्यप्रयोजनका सामग्रीहरू, खेल सामग्रीहरू, गीतसंगीत सम्बन्धी सामग्रीहरू, स्वास्थ्य र शारीरिक सीप सम्बन्धी सामग्रीहरू, कला र विज्ञान सम्बन्धी सामग्रीहरू जस्ता सामग्री आवश्यकता अनुरूप हुनुपर्दछ तर छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूमा श्रव्य- दृश्य सामग्रीहरू नरहेको र अन्य सामग्रीहरू पनि ज्यादै न्यून रहेको तथ्य पाइयो । यसका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू आवश्यकता पर्ने जति प्रबन्ध मिलाउनुपर्ने देखिन्छ । यसरी शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाहरूमा सिकाइ दिगो, सजिलोसँग धारणा बस्ने, छिटो, खेलका माध्यमबाट सिक्ने भएकाले आवश्यक शैक्षिक सामग्रीको प्रबन्ध मिलाउन सके पाठ्यक्रमले राखेको लक्ष्य उद्देश्य र पाठ्यक्रमको कार्यान्वयन सही तरिकाबाट हुने देखिन्छ ।

### ४. २. ७. विद्यार्थीको लैङ्गिक अनुपात र सङ्ख्या

समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको अभिलेख अध्ययनको अवस्थाबाट निम्न अनुसारको अवस्था रहेको पाइयो :

तालिका १५ : समुदाय र विद्यालयमा आधारित पू.प्रा.वि.को लैङ्गिक अनुपातको अवस्था


| क.सं. | शीर्षक | छात्र प्रतिशत | छात्रा प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १ | समुदायमा आधारित पू.प्रा.वि. | ३५ | ६५ | १०० |
| २ | विद्यालयमा आधारित पू.प्रा.वि. | ३० | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा छात्र प्रतिशत ३५ र छात्रा प्रतिशत ६५ रहेको छ भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा छात्र प्रतिशत ३० र छात्रा प्रतिशत ७० रहेको पाइयो । यसरी छात्रा र छात्रहरूको अनुपात नमिल्नुको कारण के हो भनी गरिएको प्रश्नमा प्रधानाध्यापकबाट स्पष्ट भनाइ थियो कि छात्र विद्यार्थीहरूलाई निजी पूर्वप्राथमिक विद्यालयमा पठाइने गरेका कारण यस्तो रहन गएको हो ।

उल्लिखित तथ्याङ्कलाई निम्न अनुसार स्तम्भचित्रमा पनि देखाइएको छ :

चित्र ४ : समुदाय र विद्यालयमा आधारित पू.प्रा.वि.को लैङ्गिक अनुपातको अवस्था




छनोटमा परेका समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयको विद्यार्थीहरूको सङ्ख्या छात्र र छात्राहरूको सङ्ख्यात्मक विश्लेषण निम्न अनुसार रहेको पाइयो :

तालिका १६ : विद्यार्थीहरूको सङ्ख्या

| क.सं. | समुदायमा आधारित पू.प्रा.वि. | | | विद्यालयमा आधारित पू.प्रा.वि. | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २५ | १५ | ४० | ३० | २० | ५० |
| २ | १८ | १२ | ३० | २५ | १५ | ४० |
| ३ | १५ | १० | २५ | २५ | १० | ३५ |


स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार समुदायमा आधारित विद्यालयहरूको विद्यार्थीहरूको सङ्ख्याभन्दा विद्यालयमा आधारित विद्यार्थीहरूको सङ्ख्या बढी रहेको पाइयो ।

नमुना छनोटमा परेका विद्यालयहरूको शिक्षिकाहरूको शैक्षिक योग्यता एस.एल.सी. पास र आई.एड्. अनि तालिममा सबैले आधारभूत ७ दिने तालिम मात्र लिएको पाइयो ।

यस तथ्याङ्कलाई निम्न अनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ :

चित्र ५ : विद्यार्थीहरूको सङ्ख्या




## ४. ३. पूर्व प्रा.वि.को पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपायहरू

नमुना छनोटमा परेका समुदायमा आधारित र विद्यालयमा आधारित पू.प्रा.वि.को पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपायहरू निम्न अनुसार रहेको पाइयो :

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| १. बालबालिकाको सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक पक्षको उचित तवरबाट विकास हुन नसकेको । | १. बालबालिकाहरूको सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक पक्षको विकासमा जोड दिनुपर्ने । |
| २. पूर्व प्रा.वि.को भौतिक पूर्वाधारको कमी रहको । | २. पूर्व प्रा.वि.को भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्ने । |
| ३. पूर्व प्रा.वि.हरूमा शैक्षिक सामग्रीहरूको कमी रहेको । | ३. पूर्व प्रा.वि.हरूमा शैक्षिक सामग्रीहरूको उचित प्रबन्ध मिलाउनुपर्ने । |
| ४. पूर्व प्रा.वि.का शिक्षिकाहरूमा तालिम र बालमनोविज्ञानको कमी रहेको । | ४. पूर्व प्रा.वि.का शिक्षिकाहरूलाई तालिम र बालमनोविज्ञानको ज्ञान दिनुपर्ने । |
| ५. निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनको अभाव रहेको । | ५. निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमन समय समयमा गर्नुपर्ने । |
| ६. पू.प्रा.वि.मा राष्ट्रिय नीति र दायित्वमा अस्पष्टता रहेको । | ६. पू.प्रा.वि.मा राष्ट्रिय नीति र दायित्वमा स्पष्ट नीति बनाउनुपर्ने । |
| ७. पू.प्रा.वि.मा विभिन्न स्थानीय स्तरका क्लब, राजनैतिक दल, गैरसरकारी संस्थाहरू, जनसहभागितालाई सक्रिय रूपमा सहयोग जुटाउन नसकिएको । | ७. पू.प्रा.वि.मा विभिन्न स्थानीय स्तरका क्लब, राजनैतिक दल, गैरसरकारी संस्थाहरू, जनसहभागितालाई सक्रिय सहयोग जुटाउनु पर्ने । |

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५. १. प्राप्ति

समुदाय तथा विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्नका लागि बालबालिकाहरूमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गराउने गरेको र उपयुक्त पाठ्यक्रममा निर्दिष्ट भए बमोजिमका क्रियाकलापहरू उपयुक्त सामग्री र विधिको प्रयोग गरी क्रियाकलाप सञ्चालन गरेको पाइयो ।

समाजिक पक्षको विकासका लागि लाइन लाग्ने अभ्यास, गीत कविता गाउने अभ्यास, हातमुख धुने अभ्यास, अभिवादन गर्ने अभ्यास, समूह विभाजन गर्ने अभ्यास गरिएको पाइयो । समुदायमा आधारित पूर्व प्रा.वि.मा हातमुख धुने अभ्यास गरिएको पाइएन ।

नमुना छनोटमा परेका पू.प्रा.वि.मा शारीरिक पक्षको विकास गराउनका लागि पिटी खेल्ने अभ्यास, रेखामा हिँड्ने अभ्यास, भऱ्याङ चढ्ने ओर्लने अभ्यास, भकुन्डो खेल्ने अभ्यास, डोरी नाघी खेल्ने अभ्यास, नाच्ने अभ्यास र कुद्ने अभ्यास गराउने गरेको र समुदायमा आधारित पू.प्रा.वि.मा भऱ्याङ चढ्ने ओर्लने अभ्यासका लागि यो क्रियाकलाप गराएको पाइएन ।

बौद्धिक विकासका लागि गराइने क्रियाकलापहरूमा ज्ञानेन्द्रियहरूलाई प्रशिक्षण गराई रङ, आकार, साइज, स्वाद, ध्वनी, गन्ध र स्पर्श सम्बन्धी अवधारणाको विकास गराउने गरेको पाइयो । संवेगात्मक विकासका लागि पूर्व प्रा.वि.हरूमा गारइने क्रियाकलापहरूमा माया, स्नेह, प्रेम गर्ने अभ्यास, संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक, प्रस्तुती, चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया लिने अभ्यास, प्रशंसा तथा पुरस्कार प्रदान गर्ने, आफूलाई लागेका कुरा व्यक्त गर्ने गरेको पाइयो ।

पूर्व प्रा.वि.हरूमा खेल सामग्रीहरूमा झुम्राका गुडिया, लुँडो, पजल चेकर, प्लास्टिकका बल, झुम्राको बल, चाकाचुली, चिप्लेटी पिङ र स्केटिङ डोरी जस्ता सामग्रीहरू भएको पाइयो । खेल सामग्रीहरूको उपलब्धता बालबालिकाहरूको सङ्ख्याका तुलनामा न्यून भएको पाइयो । यस अनुसन्धानको लैङ्गिक आधारबाट हेर्दा भर्ना भएका बालक र बालिकाको सङ्ख्या समानुपातिक नभई बालिकाहरूको सङ्ख्या बढी रहेको पाइयो । नमुना छनोटमा परेका पूर्व प्रा.वि.का शिक्षिकाहरूको शैक्षिक योग्यता, तालिम तथा प्रशिक्षण सम्बन्धी अध्ययन गर्दा सेवाकालीन तालिम, बालमनोविज्ञानको कमी रहेको पाइयो । सिकाइ सामग्रीहरूको वर्तमान अवस्था अध्ययन गर्दा समुदाय र विद्यालयमा आधारित पू.प्रा.वि.हरूमा बाल सिकाइ सामग्रीहरू परिमाणात्मक रूपमा घट्दै गएको, हराउँदै बिग्रँदै गएको पाइयो र मर्मत सम्भार, नयाँ खरिद तथा सङ्कलनको अभाव देखियो । आर्थिक अभाव नै यसको मूल कारण देखियो ।

खेल, गीत, संगीत, कला र विज्ञान, गणितीय ज्ञान सम्बन्धी सामग्रीहरू समुदायमा आधारि पूर्व प्रा.वि.हरूमा बढी किसिमका र स्वास्थ्य र सरसफाइ, व्यावहारिक र सामाजिक सीप, भाषिक सीप विकास सम्बन्धी सामग्रीहरू विद्यालयमा आधारित पूर्व प्रा.वि. हरूमा बढी किसिमका छन् ।

विभिन्न पक्षको विकास गराउनका लागि बालबालिकाहरूलाई सिकाइ हासिल गर्न गरिने क्रियाकलापमा सामाजिक पक्षको विकासमा प्रयोग गर्ने विधिमा बालबालिकाहरूलाई कुनै पनि विषयवस्तु सिकाउनका लागि दुवै विद्यालयमा मुख्य रूपमा प्रवचन विधि प्रयोग गरिएको पाइयो भने समुदायमा आधारित दुई वटा विद्यालयमा छलफल विधि र विद्यालयमा आधारित तीन वटा विद्यालयमा छलफल विधिको प्रयोग गरिएको पाइयो भने प्रदर्शन विधि र रोल प्ले विधि प्रयोग नभएको पाइयो । शारीरिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका पूर्वप्राथमिक विद्यालयहरूमा खेल विधि नै प्रयोग गरिएको पाइयो । यसरी नै कुनै कुरा सिकाउनका लागि समुदायमा आधारित दुई वटा पूर्वप्राथमिक विद्यालयमा हरूमा नक्कल विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा एक वटामा मात्र यो विधिको प्रयोग गरिएको पाइयो । बौद्धिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका विद्यालयमा प्रवचन विधिको प्रयोग गरिउको पाइयो । छलफल विधिको प्रयोग समुदायमा आधारित एक विद्यालय र विद्यालयमा आधारित एक मात्र विद्यालयमा प्रयोग गरिउको पाइयो । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयमा दुई वटा विद्यालयमा प्रयोगात्मक विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित ३ वटै विद्यालयमा प्रयोग गरिएको पाइयो । सोधपुछ विधि समुदायमा आधारित एक वटा र विद्यालयमा आधारित २ वटा विद्यालयमा प्रयोग भएको पाइयो । संवेगात्मक पक्षको विकास गराउनका लागि दुवै पूर्वप्राथमिक विद्यालयमा प्रवचन विधि नै प्रयोग गरिएको पाइयो । समुदायमा आधारित विद्यालयमा कथाकथन विधि दुई वटामा छलफल विधि, एक वटामा सोधपुछ विधि, एकमा नाटकीकरण विधि र दुई वटामा अभिनय विधिको प्रयोग गरिएको पाइयो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा कथाकथन विधि दुईमा, छलफल विधि एकमा, सोधपुछ विधि एकमा, नाटकीकरण विधि एकमा र अभिनय विधि दुईमा प्रयोग गरिएको पाइयो ।

पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्याहरू भएको पाइयो । जस्तैः भोतिक पूर्वाधारको अभाव, शैक्षिक सामग्रीहरूको कमी, बालबालिकाहरूको सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक पक्षको विकास गराउनका लागि आवश्यक मनोवैज्ञानको कमी, विधि र खेल सामग्रीको अभाव रहेको, योग्य तथा तालिम प्राप्त शिक्षिकाको अभाव,

समन्वय र समभ्रदारीको अभाव, पाठ्यक्रम कार्यान्वयनमा कमजोरी, आवश्यक मात्रामा समन्वय र समभ्रदारीको अभाव, निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनको अभाव जस्ता समस्याहरू रहेको पाइयो ।

## ५. ३. निष्कर्ष

समुदाय र विद्यालयमा आधारित पूर्व प्रा.वि.मा पाठ्यक्रम कार्यान्वयन गर्नका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका पक्षहरू सामाजिक पक्ष, बौद्धिक पक्ष, शारीरिक पक्ष र संवेगात्मक पक्षको विकास गराउने गरेको र यसका लागि विभिन्न क्रियाकलापहरू गराउने गरेको र क्रियाकलाप अनुसारको शैक्षिक सामग्रीहरूको पनि प्रयोग गरिएको पाइयो तर शैक्षिक सामग्रीहरू भने न्यून मात्रामा रहेको देखिन्छ ।

समुदाय र विद्यालयमा आधारित पूर्व प्रा.वि.हरूमा समुदायमा आधारित पूर्व प्रा.वि.को भौतिक पूर्वाधार कमी, चर्पीको अभाव, कक्षाकोठाको सरसफाइको कमी, डेस्क, बेन्चको कमी, खेल मैदानको अभाव रहेको देखियो भने विद्यालयमा आधारित पूर्व प्रा.वि.को भौतिक पूर्वाधार, चर्पी भए पनि पानीको व्यवस्था नरहेको, शैक्षिक सामग्रीहरू पनि न्यून रहेको पाइयो । यस अनुसन्धानको लैङ्गिक आधारबाट हेर्दा भर्ना भएका बालक र बालिकाहरूको सङ्ख्या समानुपातिक नभई बालिकाहरूको सङ्ख्या बढी रहेको पाइयो । नमुना छनोटमा परेका पूर्व प्रा.वि.का शिक्षिकाहरूको शैक्षिक योग्यता, तालिम तथा प्रशिक्षण सम्बन्धी अध्ययन गर्दा सेवाकालीन तालिम, बालमनोविज्ञानको कमी रहेको देखियो ।

पूर्वप्राथमिक तहका बालबालिकाहरूको विभिन्न पक्षको विकास गराउनका लागि सिकाइ हासिल गर्न गरिने क्रियाकलापमा सामाजिक पक्षको विकासमा प्रयोग गर्ने विधि मुख्य रूपमा प्रवचन विधि नै प्रयोग गरिएको पाइयो । प्रदर्शन विधि र रोल प्ले विधिको प्रयोग नरहेको अवस्था थियो । शारीरिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका पूर्वप्राथमिक विद्यालयहरूमा खेल विधि नै प्रयोग गरिएको पाइयो । समुदायमा आधारित दुईमा नक्कल र विद्यालयमा आधारित एकमा नक्कल विधिको प्रयोग रह्यो । बौद्धिक पक्षको विकास गराउनका लागि मुख्य गरी दुवै प्रकारका विद्यालयमा प्रवचन विधिको प्रयोग पाइयो । छलफल, प्रयोगात्मक र सोधपुछ विधिको प्रयोग गरिएको पाइयो । यसरी नै संवेगात्मक पक्षको विकास गराउनका लागि दुवै विद्यालयमा प्रवचन विधिको प्रयोग, समुदायमा आधारित विद्यालयमा कथाकथन विधि दुईमा, छलफल एकमा, सोधपुछ एकमा, नाटकीकरण दईमा रह्यो भने विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयमा कथाकथन दुईमा, छलफल एकमा, सोधपुछ एकमा, नाटकीकरण एकमा र अभिनय विधि दुईमा प्रयोग गरिएको पाइयो ।

पूर्वप्राथमिक पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्याहरू भएको पाइयो । जस्तैः भौतिक पूर्वाधारको अभाव, शैक्षिक सामग्रीहरूको कमी, बालबालिकाको सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक पक्षको विकास गराउनका लागि आवश्यक मनोवैज्ञानिक कमी, विधि र खेल सामग्रीको अभाव रहेको, योग्य तथा तालिम प्राप्त शिक्षिकाको अभाव, समन्वय र समझदारीको अभाव पाठ्यक्रम कार्यान्वयनमा कमजोरी, आवश्यक मात्रामा समन्वय र समझदारीको अभाव, निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनको अभाव जस्ता समस्या रहेको पाइयो । यसको समाधानका लागि पाठ्यक्रमले राखेको लक्ष्य र उद्देश्य अनुसारको पाठ्यक्रम कार्यान्वयन गर्ने निकायबाट सक्रियतासाथ जोड दिनुपर्ने देखिन्छ । समय समयमा निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमन गर्नुपर्ने र आवश्यक शैक्षिक सामग्री र भौतिक सामग्रीहरू उपलब्ध गराउनुपर्ने देखिन्छ । यसो गर्दा मात्र पाठ्यक्रमको कार्यान्वयन सही रूपमा हुने थियो ।

## ५. ३. सुझावहरू

### क. नीतिगत तहका लागि सुझाव

समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयका शिक्षिकाहरूलाई पूर्ण रूपमा कार्यक्षेत्रमा दक्ष बनाउन पर्याप्त तालिमको व्यवस्था र बाल मनोविज्ञानको ज्ञान दिने व्यवस्था गर्न, पूर्व प्रा.वि. शिक्षिकाहरूको बाल सिकाइ पाठ्यक्रम, शिक्षण स्रोत सामग्री निर्देशिका र बाल सन्दर्भ सामग्रीहरू व्यवस्था गरी बाल सिाइ विधि र बाल विकास शिक्षाको सम्बन्धमा जानकारी ताजा राखिरहनु पर्दछ ।

समुदाय स्तरबाट सञ्चालित पूर्वप्राथमिक विद्यालयहरू चाहिने भौतिक पूर्वाधारमा कक्षाकोठा, खेलमैदान, शैक्षिक सामग्री आवश्यकता अनुसार पर्याप्त रूपमा उपलब्ध गराउनु पर्दछ । समुदाय र विद्यालय स्तरबाट सञ्चालित पूर्वप्राथमिक मा विद्यार्थीहरको सामाजिक, बौद्धिक, संवेगात्मक, नैतिक, शारीरिक विकासका लागि स्पष्ट नीति बनाई यी पक्षको विकासमा विषेश जोड दिनु पर्दछ । वर्तमान अवस्थामा बालबालिकाहरूमा भाषिक सिपमा मात्र जोड दिएको पाइनछ । यतिले मात्र पर्याप्त रहँदैन । बालबालिकाहरूमा नियमित रूपमा कक्षामा उपस्थित हुने वातावरण मिलाउनु पर्ने हुन्छ । पूर्वप्राथमिक विद्यालयमा कार्यरत सहयोग शिक्षक, शिक्षिकामा पेसाप्रति समर्पित भावना जगाउनका लागि उनीहरूको मासिक भत्ता पनि वृद्धि गर्नुपर्ने देखिन्छ । समुदायबाट सञ्चालित पूर्वप्राथमिक विद्यालयमा सहयोगी छनोट गर्दा स्थानीय र विद्यार्थी जुन मातृभाषाका छन् त्यही मातृभाषाका शिक्षकहरू छनोट गर्नुपर्ने स्पष्ट नीति बनाउन सके राम्रो देखिन्छ । बालबालिकाहरू आफ्नो मातृभाषा पनि

बल्लबल्ल बोल्न सक्ने अवस्थामा मात्र पुगेका उमेरमा उनीहरूमा अरु भाषाबाट कुनै पनि नयाँ कुरा सिक्नका लागि ज्यादै कठिनाइ रहेको अवस्था पाइयो ।

पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयनको अवधि कति हुनुपर्ने र कति वर्षसम्मका बालबालिकाहरूलाई पूर्व प्रा.वि.मा भर्ना गर्नुपर्ने भन्ने कुरा स्पष्ट पर्ने, पाठ्यक्रम कार्यान्वयन गर्नेहरूले त्यसको लक्ष्य, उद्देश्यलाई ख्याल गरी उचित र सही तवरबाट पाठ्यक्रम कार्यान्वयन गर्नुपर्दछ । शिक्षण पाठ्यक्रम कार्यान्वयनमा समस्या आएमा तुरुन्तै माथिल्लो निकायमा सम्पर्क गर्ने, पूर्वप्राथमिक पाठ्यक्रम सहज, सरल र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न अभिभावक, स्थानीय समुदाय, नेपाल सरकार तथा दातृ निकायहरूले एक आपसमा समन्वय गरी आआफ्नो उत्तरदायित्व बहन गर्न, पूर्वप्राथमिक विद्यालयलाई समय समयमा निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमन माथिल्लो निकायबाट हुनु आवश्यक देखिन्छ ।

ख. अभ्यासगत तहका लागि सुझाव

बालबालिकाहरूको सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक विकास गर्न सक्रिय शिक्षण विधि मन्टेस्वरी विधिद्वारा खेलको माध्यम प्रयोग गर्नु, प्रत्येक पूर्वप्राथमिक विद्यालयमा बाल सिकाइ सामग्रीहरू हरेकको एकभन्दा बढी सेट व्यवस्था गर्नुपर्दछ ता कि सबै बालबालिकाहरूलाई समूह समूहमा बाँडेर खेलाउन वा प्रयोग गर्न दिन सकियोस् । श्रव्य, दृश्य, श्रव्यदृश्य, मुद्रित सबै किसिमका सामग्रीहरू पूर्वप्राथमिक विद्यालयमा राख्नुपर्दछ । ३ देखि ५ वर्षसम्मका बालबालिकाहरू विशेष गरी खेलमा रुचि राख्ने हुनाले खेल सामग्रीहरू पर्याप्त मात्रामा राख्नुपर्दछ । पूर्वप्राथमिक विद्यालयको कक्षाकोठाको व्यवस्थापनको महत्वपूर्ण पक्ष भने कक्षाकोठाको वातावरण बालसुलभ, बालमैत्री र बालोपयोगी बनाउनु हो । यसका लागि बाल सिकाइ सामग्री र भौतिक सुविधाहरूले कक्षाकोठा सजिसजाउ गरी वातावरण रमाइलो बनाउनुपर्दछ ।

बालबालिकाहरूलाई कक्षाकोठामा बस्नका लागि दुई विद्यालयमा बस्ने ठाउँको ज्यादै अँध्यारो महसुस गरेको पाइयो । यसका लागि विद्यार्थीहरको उमेर सुहाउँदो डेस्क, बेन्च र आवश्यकता अनुसारको झल्ला, चकटीको व्यवस्था गर्नुपर्ने देखिन्छ । प्रत्येक पूर्वप्राथमिक तहका विद्यालयहरूमा उचित शौचालय, खानेपानीको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । बालबालिकाहरूलाई सिकाइ सिकाउँदा धेरैजसो शिक्षक, इच्छा, भावना, चाहना अनुसार पढाएको र खेलाएको पाइयो । यसको साटो विद्यार्थीहरूको इच्छा अनुसार पढ्न, खेल्न दिए

उनीहरूको व्यक्तिगत क्षमताको प्रदर्शन हुने थियो र सोही अनुसार शिक्षण गरे पाठ्यक्रमको कार्यान्वयन छिटो सहज रूपमा हुने देखिन्छ ।

पूर्वप्राथमिक पाठ्यक्रममा उल्लेख भए अनुसार कक्षाभित्र अनिवार्य रूपले भाषा क्षेत्र, सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र जस्ता सिकाइ क्षेत्रहरूको व्यवस्था गर्नुपर्दछ । प्रशस्त ठाउँ भएको अवस्थामा खेल क्षेत्र, सामाजिक क्रियाकलाप क्षेत्र, प्रदर्शन क्षेत्र, सामग्री भण्डार क्षेत्र, आराम क्षेत्र र खाजा क्षेत्र छुट्याउनु पर्दछ । पाठ्यक्रमले तोके बमोजिमको दैनिक समय तालिका अनुसार कक्षा क्रियाकलाप गराउनुपर्दछ । त्यस्ता क्रियाकलापहरूले क्रियात्मक पक्ष, संज्ञानात्मक पक्ष, इन्द्रिय प्रशिक्षण, भाषिक तथा गणितीय पक्षको विकासलाई समेट्नुपर्दछ । समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयहरूले आर्थिक सशक्तीकरणका लागि स्रोतहरू खोजी गरी कक्षाकोठाको भौतिक संरचना सुधारमा तुरुन्त लाग्नुपर्ने अवस्था छ । विशेषतः हावापानीबाट सुरक्षित र झ्यालढोका सिलिङ पक्की भुइँ सहितको सुरक्षित कोठा हुनुपर्दछ । तबमात्र पाठ्यक्रमको सही रूपमा कार्यान्वयन गर्न सकिन्छ । सरकार र गैरसरकारी संस्थाहरूको आर्थिक सहयोग आवश्यक छ ।

समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक विद्यालयहरूमा अभिभावकहरूबाट स्थानीय स्तरमा पाइने सामग्रीहरू, भौतिक सुविधा र आवश्यक आर्थिक सहयोग पनि उपलब्ध हुनुपर्दछ । पूर्वप्राथमिक विद्यालयको हाताबाहिर बगैंचा, सानो करेसाबारी बनाउनु आवश्यक छ ता कि बालबालिकाहरूलाई फूल, बोट, फल, सागपात, माटो, ढुङ्गा, पानी, बालुवा, कीरा, फट्याङ्ग्रा आदिको प्रत्यक्ष अनुभव गराउन सजिलो हुन्छ । सरसफाइ सम्बन्धी ज्ञान, व्यवहार सिकाउन साबुन, ब्रस, काइँयो, रुमाल, तेल आदि राखिनुका साथै प्राथमिक उपचार बाकस पनि व्यवस्था गर्नुपर्दछ । बालबालिकाहरूको लागि घर पहिलो पाठशाला हो र आमाबाबु नै पहिलो शिक्षक शिक्षिका हुन् । त्यसैले अभिभावकहरूलाई पनि आवश्यक चेतनामूलक कार्यक्रममा सहभागी गराउनु पर्दछ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद र अन्य (२०६७), **शिक्षाशास्त्र र नेपालमा शिक्षा**, काठमाडौँ : आशीष बुक्स हाउस प्रा.लि. ।

कट्टेल, बालचन्द्र (२०६४), **पाठ्यक्रम अध्ययन**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

कार्की, उपेन्द्रकुमार (२०६२), **शिक्षा मनोविज्ञान**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खत्री, केशवराम (२०६७), **बालविकास केन्द्रको प्रभावकारिता**, सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय (अप्रकाशित कृति) ।

गौतम, नवराज (२०६२), **प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको सिकाइमा पारेको प्रभाव एक अध्ययन**, शिक्षाशास्त्र सङ्काय, EPM विभाग (अप्रकाशित कृति) ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६५), **शिक्षामा मापन र मूल्याङ्कन,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, राधाकृष्ण (२०५४), **प्रारम्भिक बालशिक्षा**, काठमाडौँ : युनियन प्रेस प्रा.लि. ।

ढकाल, माधवप्रसाद (२०६३), **शिक्षाका आधारहरू**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

न्यौपाने, विनोद (२०६७), **माध्यमिक शिक्षक दर्पण**, काठमाडौँ : त्रियुगा अफसेट प्रेस ।

न्यौपाने, प्रभादेवी (२०६३), **पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयनको अवस्था एक अध्ययन**, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम विभाग (अप्रकाशित कृति)

पौडेल, आनन्द राम र अन्य (२०६६), **शिक्षाशास्त्र र नेपालमा शिक्षा**, काठमाडौँ : आशीष बुक्स हाउस ।

मल्ल, कोमलवदन र साथीहरू (२०५४), **प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त**, काठमाडौँ : डीनको कार्यालय ।

शर्मा चिरञ्जीवी र अन्य (२०६५), **प्रारम्भिक बाल्यावस्था/विकासको सिद्धान्त आधार**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षक शिक्षा (२०६३), शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर ।

शिक्षा ऐन (२०२८), संशोधन २०६३ र शिक्षा नियमावली, २०५९ ।

सापकोटा, रमाकान्त (२०६०), **प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोग एक विश्लेषण अध्ययन**, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम विभाग (अप्रकाशित कृति) ।

सेरिड (२०५०), **समुदायमूलक पूर्वप्राथमिक शिक्षा कार्यक्रम**, काठमाडौँ ।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०६६), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, हरिभक्त (२०६१), **काठमाडौँ उपत्यकाभित्र सञ्चालित पूर्वप्राथमिक विद्यालयको भौतिक सुविधाहरूको व्यवस्थापन**, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम विभाग (अप्रकाशित कृति) ।

त्रिवर्षीय अन्तरिम योजना (२०६४-६७), राष्ट्रिय योजना आयोग, काठमाडौँ ।

UNICEF (2003), What is the difference ? The impact of early childhood development programs : Kartmandu.

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-१
## शिक्षकका लागि प्रश्नावली

१. तपाईंको शिक्षण अनुभव कति वर्षको छ ?
२. पूर्वप्राथमिक कक्षा सञ्चालनका लागि कुनै तालिम लिनुभएको छ ?
   क) छ   ख) छैन
३. यदि छ भने कति समय अवधिको तालिम लिनुभएको छ ?
   क) १ महिना   ख) ३ महिना   ग) अन्य
४. तपाईंको संस्थामा जम्मा कति जना विद्यार्थी छन् ?
५. तपाईंको विद्यालयमा कति जना छात्रछात्रा रहेका छन् ?
६. विद्यार्थीहरू नियमित रूपमा उपस्थित हुन्छन् ?
७. कक्षाकोठामा पुरस्कार र दण्डको व्यवस्था गर्नुहुन्छ ?
८. तपाईंको कक्षा सञ्चालनका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू छन् ?
९. तपाईं आफैं पनि शैक्षिक सामग्रीको निर्माण गर्नुहुन्छ ?
१०. पूर्वप्राथमिक शिक्षा सम्बन्धी पाठ्यक्रम र बालपुस्तिकाहरू पर्याप्त छन् ?
११. तपाईंको विद्यालयमा खेल खेलाउनका लागि के कस्ता सामग्री उपलब्ध छन् ?
१२. तपाईंको विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरूले पाठ्यक्रमले राखेका उद्देश्य र पाठ्यक्रम कार्यान्वयन गर्न सकिन्छ ?
१३. पूर्वप्राथमिक शिक्षा सम्बन्धी अभिभावकको कस्तो चासो राख्नुहुन्छ ?
१४. अभिभावकहरू दैनिक विद्यालयमा आउनुहुन्छ ?
   क) आउनुहुन्छ   ख) कहिलेकाहीँ   ग) आउनुहुन्न
१५. तपाईंले कक्षा सञ्चालनका क्रममा अपनाउने क्रियाकलाप, सामग्री र विधि केके हुन् ?
१६. तपाईंलाई दिइएको पारिश्रमिकबाट सन्तुष्ट हुनुहुन्छ ?
१७. कक्षा सञ्चालनमा जि.शि.का.बाट केकस्तो सहयोग प्राप्त गर्नुभएको छ ?
१८. पूर्वप्राथमिक पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न केकस्ता समस्या भोग्नुभएको छ ?
१९. तपाईंको विचारमा केही सुझावहरू छन् ?

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-२
## प्रधानाध्यापकका लागि प्रश्नावली

१. तपाईंको नाम के हो ?
२. तपाईंको शैक्षिक अनुभव कति भयो ?
३. तपाईंको शैक्षिक योग्यता कति हो ?
४. पूर्वप्राथमिक पाठ्यक्रम अनुरूप कक्षा सञ्चालन गर्नुभएको कति भयो ?
५. पूर्वप्राथमिक कक्षा सञ्चालनमा आवश्यक बालपुस्तिका, शैक्षिक सामग्रीहरू पर्याप्त मात्रामा छन् ?
६. पूर्वप्राथमिक कक्षा पूरा गरेका विद्यार्थीहरू र सीधै प्राथमिक तहका कक्षामा भर्ना भएका विद्यार्थीमा के फरक पाउनुभएको छ ?
७. प्राथमिक तहमा जस्तै पूर्वप्राथमिक तहमा पनि पोसाकको व्यवस्था गर्नुभएको छ ?
८. पूर्वप्राथमिक तहमा अभिभावकहरूको चासो कस्तो रहेको छ ?
९. पूर्वप्राथमिकमा पनि परीक्षाको कस्तो व्यवस्था गर्नुभएको छ ?
१०. पूर्वप्राथमिक कक्षा सञ्चालन सम्बन्धी मिटिङ, सरसल्लाह हुन्छ ?
११. पूर्वप्राथमिक पाठ्यक्रम अनुसार कार्यान्वयन केकति मात्रामा भएको जस्तो लाग्छ ?
१२. पूर्वप्राथमिक तहमा रहेका समस्याहरू केके देख्नुहुन्छ ?
१३. यसका लागि समस्याको समाधानका उपायहरू केके होलान् ?
१४. तपाईंको विद्यालयमा कस्ता समुदायका बालबालिकाहरू आउँछन् ?
१५. तपाईंको विद्यालयमा बालबालिकाहरूको बौद्धिक विकासका लागि कस्ता क्रियाकलाप गराइन्छ ?
१६. तपाईंको विद्यालयमा बालबालिकाको संवेगात्मक विकासका लागि कस्ता क्रियाकलाप गराइन्छ ?
१७. तपाईंको विद्यालयमा बालबालिकाको शारीरिक विकास तथा सीपका लागि आवश्यक सामग्रीको अवस्था कस्तो छ ?
१८. पूर्वप्राथमिक तहको पाठ्यक्रमले बालबालिकाको कुनकुन पक्षको विकास गराउँदै आएको छ ?
१९. पूर्वप्राथमिक पाठ्यक्रमले प्राथमिक तहमा भर्ना हुने विद्यार्थीका सकारात्मक पक्षहरू केके हुन् ?
२०. पूर्वप्राथमिक पाठ्यक्रमको सान्दर्भिकताको अवस्था कस्तो पाउनुभएको छ ?

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-३
## अभिभावकका लागि प्रश्नावली

१. तपाईंको नाम के हो ?
२. तपाईंका घरबाट कति जना बच्चाहरू पूर्वप्राथमिकमा पढ्छन् ?
३. तपाईं आफ्नो बच्चालाई सधैं विद्यालय पुऱ्याउन जानुहुन्छ ?
४. पूर्वप्राथमिक कक्षाका लागि कति शुल्क तिर्नुहुन्छ ?
५. तपाईंको बच्चालाई खाजाको व्यवस्था कसरी गर्नुभएको छ ?
६. तपाईंका बालबालिकाहरूको पूर्वप्राथमिक कक्षा जानुअगाडि र अहिलेमा के फरक पाउनुभएको छ ?
७. पूर्वप्राथमिकमा पौष्टिक आहार, शारीरिक सीपका लागि कस्ता क्रियाकलापहरू हुन्छन् ?
८. तपाईंको सामाजिक सांस्कृतिक अवस्था कस्तो छ ?
९. तपाईंको मुख्य पेसा के हो ?
१०. तपाईंको आर्थिक अवस्था कस्तो छ ?

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-४
## पूर्वप्राथमिक विद्यालयको शैक्षिक तथा शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धी अवलोकन फाराम

| भौतिक तथा शैक्षिक सामग्री | छ | छैन | अवस्था | कैफियत |
|---|---|---|---|---|
| कार्यालय कोठा<br>कक्षाकोठा<br>भान्साकोठा<br>सुत्ने (आराम गर्ने) कोठा<br>भण्डार कोठा | | | | |
| फर्निचर | | | | |
| मेच<br>टेबल<br>डेस्क बेन्च<br>कार्पेट<br>गुन्द्री<br>पिरा<br>कालोपाटी | | | | |
| शैक्षिक तथा खेल सामग्री | | | | |
| प्रारम्भिक बा.वि. पाठ्यक्रम<br>स.का. निर्देशिका<br>बाल पुस्तिकाहरू<br>समूह मेलमिलापका चित्र<br>काइँयो, साबुन, नङकट<br>फलफूलको चित्र तालिका | | | | |
| भौतिक तथा शैक्षिक सामग्री | | | | |
| जनावर सम्बन्धी चित्र तालिका<br>सवारी साधन सम्बन्धी चित्र<br>वर्ण तालिका<br>अल्फावेट तालिका<br>संवेग व्यक्त भएका चित्र<br>माटो, बालुवा, ढुङ्गा<br>कार्डहरू<br>अक्षरपत्ती | | | | |

| | | | | |
|---|---|---|---|---|
| घटना/कथा चित्र<br>काठका ब्लक<br>गुडिया<br>रङ्गीन कागज/कपडा<br>कैँची<br>गम<br>ब्रस<br>सियो धागो<br>घडी<br>रेडियो<br>घन्टी<br>सिटी<br>बल<br>डोरी | | | | |
| भौतिक तथा शैक्षिक सामग्री | | | | |
| पिङ<br>चिप्लेटी<br>चाकाचुली<br>अन्य सामग्री भए | | | | |
| अन्य व्यवस्था | | | | |
| खेलमैदान<br>बगैँचा<br>शौचालय<br>पानीको व्यवस्था<br>प्राथमिक उपचार सामग्री | | | | |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-५

## सामाजिक पक्षको विकासका लागि पूर्व प्रा.वि.मा गरिने क्रियाकलाप तथा प्रयोग सामग्री र विधि

| क.स. | क्रियाकलापहरू | प्रयोग हुने गरेका सामग्री | प्रयोग हुने गरेका विधि |
|---|---|---|---|
| १ | लाइनमा सामुहिक प्रार्थना गर्ने, गराउने | | |
| २ | नङ काट्न, कपाल कोर्न तथा हातमुख धुन अभ्यास गराउने | | |
| ३ | आफ्नो र घरपरिवारका सदस्यहरूको नाम भन्न | | |
| ४ | आफ्नो साथीको नाम भन्न | | |
| ५ | आफ्नो वरपरको वातावरणमा भएका विभिन्न वस्तुहरू चिनाउने | | |
| ६ | शौचालय तथा पानीको धारा प्रयोग गर्दा पालो पर्खन अभ्यास गराउने | | |
| ७ | खानेकुरा खाँदा सफासुग्घरसँग मिलेर खान अभ्यास गराउने | | |
| ८ | आपसी मेलमिलाप सम्बन्धी कथा, नाटक सुनाउने, प्रस्तुत गर्न लगाउने | | |
| ९ | समूहमा मिलेर छलफल तथा कुराकानी गर्न अभ्यास गराउने | | |
| १० | सामूहिक रूपमा गीत गाउन तथा कविता भन्न अभ्यास गराउने | | |
| ११ | अभिवादन तथा माया गर्न अभ्यास गराउने | | |
| १२ | शरीरका विभिन्न अङ्गको पहिचानमा अभ्यास | | |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-६

## बौद्धिक पक्षको विकासका लागि पूर्व प्रा.वि. (बा.वि.के.)मा गरिने क्रियाकलाप तथा प्रयोग हुने विधि र सामग्री

| क.स. | क्रियाकलापहरू | प्रयोग हुने गरेका सामग्री | प्रयोग हुने गरेका विधि |
|---|---|---|---|
| १ | वस्तु देखाएर विभिन्न रङ, आकार, साइज सम्बन्धी अभ्यास | | |
| २ | बालबालिकाले खाने गरेका चिजको स्वाद भनिदिने तथा नयाँ चखाएर स्वाद सम्बन्धी अभ्यास | | |
| ३ | विभिन्न आवाजहरू सुनाएर आवाज सम्बन्धी अभ्यास | | |
| ४ | वस्तुहरू छुन लगाएर स्पर्श चेतनाको अभ्यास | | |
| ५ | गन्ध पहिचानको अभ्यास | | |
| ६ | वर्ण, सङ्ख्या र चिनेर लेख्ने अभ्यास | | |
| ७ | गन्ती गर्ने अभ्यास | | |
| ८ | बौद्धिक विकास सम्बन्धी कथा, कविता, गीत, नाटक सुन्ने र भन्ने अभ्यास | | |
| ९ | घटनाक्रम पहिचान सम्बन्धी अभ्यास | | |
| १० | शरीरका विभिन्न अङ्गको पहिचान अभ्यास | | |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-७
## शारीरिक पक्षको विकासका लागि पूर्व प्रा.वि.मा गरिने क्रियाकलाप तथा प्रयोग सामग्री र विधि

| क.स. | क्रियाकलापहरू | प्रयोग हुने गरेका सामग्री | प्रयोग हुने गरेका विधि |
|---|---|---|---|
| १ | हिँड्ने, उफ्रने, कुद्ने | | |
| २ | बाङ्गोटिङ्गो रेखामा हिँड्ने तथा कुद्ने अभ्यास गराउने | | |
| ३ | एक खुट्टा टेकेर तथा हातखुट्टा टेकेर हिँड्न अभ्यास गराउने | | |
| ४ | फाल्ने तथा समाउने अभ्यास | | |
| ५ | भाँच्ने अभ्यास | | |
| ६ | चित्र कोर्ने तथा रङ भर्ने अभ्यास गराउने | | |
| ७ | कपडा तथा जुत्ता खोल्ने तथा लगाउने अभ्यास | | |
| ८ | मादलको तालमा शरीरको अङ्ग सञ्चालन गरेर नाच्ने | | |
| ९ | कागज पट्ट्याउने, च्यात्ने अभ्यास | | |
| १० | चढ्ने, ओर्लने अभ्यास गराउने | | |
| ११ | उचाल्ने तथा राख्ने अभ्यास गराउने | | |
| १२ | गाँठो पार्ने तथा फुकाउने अभ्यास गराउने | | |
| १३ | खेलाउने तथा चलाउने अभ्यास गराउने | | |
| १४ | मिलाउने तथा निर्माण गर्ने अभ्यास गराउने | | |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-८

### संवेगात्मक पक्षको विकासका लागि पूर्व प्रा.वि.मा गरिने क्रियाकलाप तथा प्रयोग सामग्री र विधि

| क.स. | क्रियाकलापहरू | प्रयोग हुने गरेका सामग्री | प्रयोग हुने गरेका विधि |
|---|---|---|---|
| १ | संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक प्रस्तुत गर्ने | | |
| २ | सुखदुःख कुराकानी गर्ने, गराउने | | |
| ३ | चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया | | |
| ४ | संवेगात्मक अभिव्यक्तिको नक्कल गर्ने, गराउने | | |
| ५ | माया, स्नेह र प्रेम गर्ने अभ्यास गराउने | | |
| ६ | स्वतन्त्र क्रियाकलाप तथा भाव व्यक्त गराउने | | |
| ७ | समान व्यवहारको अभ्यास गराउने | | |
| ८ | प्रशंसा तथा पुरस्कार प्रदान गर्ने | | |
| ९ | आफूलाई लागेका कुरा व्यक्त गर्ने | | |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-९
## छनोटमा परेका पूर्वप्राथमिक विद्यालयहरूको नामावली

| क.सं. | समुदायमा आधारित पूर्व प्रा.वि. | विद्यालयमा आधारित पूर्व प्रा. वि. |
|---|---|---|
| १ | श्री नवजागरण पूर्व प्रा.वि., बैगुन्धुरा-९ | श्री बलभद्र प्रा.वि., बैगुन्धुरा-९ |
| २ | श्री सृजना बालकेन्द्र, बैगुन्धुरा-८ | श्री अमर उच्च मा.वि., बैगुन्धुरा-४ |
| ३ | श्री जागृति पूर्व प्रा.वि., महाभारा-३ | श्री बालकल्याण मा.वि., महाभारा-३ |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-१०
## छनोटमा परेका पूर्वप्राथमिक विद्यालयका प्र.अ. तथा शिक्षक सहयोगीहरूको नामावली

| क्र.सं. | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | अच्युत नेपाल | प्र.अ. | श्री बालकल्याण मा.वि., महाभारा |
| २ | दुन्दु रिमाल | प्र.अ. | बलभद्र प्रा.वि., बैगुन्धुरा |
| ३ | सुरेश पौडेल | प्र.अ. | अमर उच्च मा.वि., बैगुन्धुरा |
| ४ | हिमा अधिकारी | शिक्षिका | बलभद्र प्रा.वि., बैगुन्धुरा |
| ५ | मीना थपलिया | शिक्षिका | बालकल्याण मा.वि., महाभारा |
| ६ | रीता अधिकारी | शिक्षिका | अमर उच्च मा.वि., बैगुन्धुरा |
| ७ | चन्द्रकला नेपाल | शिक्षिका | नवजागरण पूर्व प्रा.वि., बैगुन्धुरा |
| ८ | रीता राजवंशी | शिक्षिका | जागृति पूर्व प्रा.वि., महाभारा |
| ९ | राधिका राई | शिक्षिका | सृजना बालकेन्द्र, बैगुन्धुरा |

# समुदाय तथा विद्यालयस्तरबाट सञ्चालित पूर्वप्राथमिक पाठ्यक्रमको कार्यान्वयन अवस्था

## अनुसूची-११
## छनोटमा परेका अभिभावकहरूको नामावली

| समुदायमा आधारित पूर्व प्रा.वि. | | विद्यालयमा आधारित पूर्व प्रा.वि | |
|---|---|---|---|
| क.सं. | नाम | क.सं. | नाम |
| १ | सुकुल टुडु, बैगुन्धुरा-९ | १ | सविना वि.क., बैगुन्धुरा-९ |
| २ | सुनिल हास्दा, बैगुन्धुरा-९ | २ | हस्त ब. बुढाथोकी, बैगुन्धुरा-९ |
| ३ | विमल तिम्सिना, बैगुन्धुरा-९ | ३ | विनोद शर्मा, बैगुन्धुरा-९ |
| ४ | महेश गौतम, महाभारा-३ | ४ | पूर्ण राजवंशी, महाभारा-३ |
| ५ | सानु राई, महाभारा-३ | ५ | रेजिना मगर, महाभारा-३ |